# अध्याय :एक

# परिचय

## १.१ पृष्ठभूमी

विश्वको कुनै पनि क्षेत्र वा मुलुकहरूमा रहेको वेरोजगार श्रमशक्ति विश्वको अर्को क्षेत्र वा मुलुकमा रोजगारको लागी जाने क्रमलाई वैदेशिक रोजगारी भनिन्छ। एक मुलुकको श्रम बजारको श्रमशक्ति अर्को मुलुकको श्रमबजारमा व्यवस्थित रूपमा गई रोजगारी गर्नुलाई वैदेशिक रोजगार सेवा भनिन्छ । विश्व बजारमा रहेको श्रमशाक्तिको व्यवस्थित निर्यात गर्ने अथवा काममा लगाईदिने कार्यलाई वैदेशिक रोजगार व्यवसाय भनिन्छ । ( वै.रो.ऐ.,२०६४)

अन्तराष्ट्रिय श्रम संगठनले सन् १९८३ मा रोजगारीको अन्तराष्ट्रिय परिभाषा तयार पारेको छ । जसअनुसार काम गर्ने उमेरका आर्थिक क्रियाकलापमा संलग्न मानिसहरू जुनसुकै निस्चित समयसम्म काम गर्दछन् भने त्यसलाई रोजगारी भन्दछन् । नगद वा वस्तुमा ज्याला लिएर काम गर्नुलाई ज्याला भुक्तानी लिने रोजगारी र आफ्नै व्यवसायमा ज्याला नलिई काम गर्नुलाई स्वरोजगार भनिन्छ। (रेग्मी, २०५६:२ )

विकासशील राष्ट्रहरूको सुचीमा पर्ने नेपाल, शिक्षा, स्वास्थ्य, गरिबी जस्ता समस्यावाट अझै माथी उठ्न सकेको छैन । कृषि प्रधान देशको रूपमा रहेता पनि कृषि क्षेत्रको उचित रूपमा विकास हुन सकेको छैन । कृषि क्षेत्रमा निर्भर बहुसंख्यक जनताको आर्थिकस्तर अझै पनि आधारभूत आवश्यक्ता परिपूर्तिका लागि भौतारिनुपर्ने अबस्था छ । के.सी.२०६६,११९)

नेपाल भौगोलिक हिसाबमा अन्य मुलुकहरूभन्दा अत्यन्तै कठिन अबस्थामा रहेको छ । जसले गर्दा आवश्यक मात्रामा विकास हुन सकेको छैन, कामको खोजीमा युवा जनशक्ति विदेशिने क्रम बढ्दो रहेको छ । नेपालमा वि.सं.२०६८ सालमा भएको राष्ट्रिय जनगणना अनुसार नेपालको जम्मा जनसंख्या २,६६,२०,८०९ रहेको छ । यसमा महिलाको संख्या जम्मा १३,६३९,३७८ जना र पुरुषको संख्या १२,९२७,४३१ जना रहेको छ । जम्मा जनसंख्याको केहि भाग मात्र वैदेशिक रोजगारीमा गएको पाइन्छ। (के.त.वि.,प्रा.न., २०६८)

यस अनुसन्धानको क्रममा वैदेशिक रोजगार व्यवसायिक रूपमा शुरु भएको वि.सं. २०४२ सालबाट भएको हो । यस अबधिको तथ्याङ्कलाई समेट्न नसक्ने हुनाले वि.सं.२०६० देखि वि.सं.२०६८ तथ्याङ्कलाई समेटेको छु । यस अध्ययनमा वैदेशिक रोजगारमा जाने युवाको क्रम किन बढेको छ भन्ने कुरालाई सकेसम्म उजागर गरेको छु । वैदेशिक रोजगारमा जाने युवाहरूको संख्या दिनप्रतिदिन वृदि हुँदै गएको छ । आर्थिक वर्ष २०५०/०५१ देखि आर्थिक वर्ष २०६२/०६३ सम्ममा वैदेशिक रोजगारमा जानेको संख्या ७,५८,६७५ जना रहेको थियो , यसमा महिला कामदार २.५८ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०६३/०६४ देखि वैदेशिक रोजगार विभागमा सफ्टवयर प्रयोग गरी तथ्याङ्क राख्न शुरु गरिएकोले सोभन्दा अगाडी वैदेशिक रोजगारमा गएका कामदारहरूको लैङ्गिक संख्या छुटाउन नसकिएको हो (वैदेशिक रोजगार) । त्यस्तैगरी आर्थिक वर्ष २०६३/०६४ देखि २०६७/०६८ सम्मको विवरण अनुसार वैदेशिक रोजगारीमा जानेको जम्मा जनसंख्या १३,२२,३५९ रहेको छ । यसमा महिलाको संख्या ३४,१४१ र पुरुषको १२८८२१८ रहेको छ । (वै.रो.वि.,२०६८)

यस अध्ययनमा विशेषगरी खाँडी मुलुकहरूमा रोजगारको लागी संलग्न घरपरिवार र रोजगारीबाट फर्केर आएका स्वयंम व्यक्तिलाई उत्तरदाताको रूपमा लिएको छु । यसरी वैदेशिक रोजगारीमा संलग्न भइसकेपछि सम्बन्धित क्षेत्रको परिवार तथा समाजमा कस्तो आर्थिक प्रभाव पारेको छ । यसैगरि वैदेशिक रोजगारीले सामाजिक सम्बन्धमा के–कस्तो प्रभाब छ र वैदेशिक रोजगार सम्बन्धि उनिहरूको धारणा के कस्तो छ भन्ने कुरा यस अध्ययनमा प्रष्ट्याएको छ । यस अध्ययनमा २०६० देखि २०६८ सम्ममा खाडि मुलुकमा रोजगारको लागि नेपालबाट गएका कामदारहरुको संख्या निम्न छन् । जुन खाडी मुलुकमा साउदी अरबमा ५५,९०,५५ जना , मलेसियामा ९००८९९जना, यु.ए.इ. मा ३८७७५१ जना, कतारमा ८५,८७,४२ जना , युरेपियन मुलुक अमेरिकामा ३०४९ र दक्षिण कोरिया १७८४४ जना कामको लागी आफ्नो भूमि छाडेर वैदेशिक रोजगारमिा गएको तथ्याङ्क रहेको छ । (वै.रो.वि.,२०६८) यसरी विभिन्न तथ्याङ्कलाई हेर्ने हो भने नेपालमा वैदेशिक रोजगारमा जाने क्रम बढ्दो रहेको छ । जसको मुख्य कारण भनेको नेपालमा भएको बेरोजगार समस्या नेपालको लागी जल्दोबल्दो रूपमा रहेको छ । जसले गर्दा नेपालमा युवा जनशक्ति विदेशिएकोले युवाको कमि भएको कुरा विभिन्न सर्वेक्षणबाट थाहा हुन आएको छ ।

नेपाल सरकारले वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन ऐन नियमावलि बनाएको छ । वैदेशिक रोजगार ऐन,२०४२ को दफा ४ मा राजपत्रमा सूचना प्रकाशन गरी वैदेशिक रोजगार व्यवसाय संचालन गर्न पाउने मुलुक तोक्ने व्यवस्था रहेको छ । नेपाल सरकारबाट वैदेशिक रोजगारको लागी १०८ वटा मुलुकको लागी श्रम स्वीकृति दिएको छ । नेपाल सरकारले वि.सं.२०३८ सालमा श्रम मन्त्रालयको स्थापना गरी श्रमलाई व्यवस्थित रूपमा अगाडी बढाएको पाइन्छ । वि.सं. २०४० सालमा आयोग गठन गरियो । यसरी सरकारले श्रम स्वीकृति दिएपछि प्रक्रियागत रूपमा विदेश जाने व्यक्तिहरूको मात्र तथ्याङ्क राखिएको पाइएको छ ।नेपाल वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार ३०,००००० जनशक्ति वैदेशिक रोजगारमा गएको तथ्य सार्वजनिक गरेको छ । यसरी वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर जाने कामदारको मात्र तथ्याङ्क राख्ने गरिएको छ । वैदेशिक रोजगार सेवामा जानको लागि आर्थिक वर्ष २०६७/६८ सम्ममा श्रम तथा रोजगार प्रवद्धन मन्त्रालयबाट ८५० वटा म्यानपावर संस्थालाई इजाजत प्राप्त गरेका छन् । तर अहिले २६७ वटा म्यानपावरको इजाजत रद्ध गरिएको छ । दैनिक रुपमा १२०० भन्दा बढी कामदार वैदेशिक रोजगारमा जाने गरेको तथ्याङ्क रहेको छ । यसरी वैदेशिक रोजगारमा जाने कामदारहरूमा संस्थागत रूपमा , व्यक्तिगत रूपमा र गैर कानूनी रूपमा जाने गरेको पाइन्छ । पछिल्लो जानकारी अनुसार संस्थागत रूपमाभन्दा व्यक्तिगत रूपमा बढी गएको पाइन्छ । पछिल्लो जानकारी अनुसार संस्थागत रूपमा भन्दा व्यक्तिगत रूपमा बढी गएको पाइन्छ । तर पनि गैरकानूनी रूपमा कति वैदेशिक रोजगारमा जान्छन् भन्ने कुराको तथ्याङ्क राख्न सकिएको छैन ।

यसरी वैदेशिक रोजगारीबाट नेपालमा मासिक करौडौंको रेमिट्यान्स आउने गर्दछ । आएको रकमलाई उत्पादन मुलक क्षेत्रमा लगानि नगरी आफ्नो परिवारको पालनपोषण, शिक्षा, स्वास्थ्यमा खर्च भएकोले त्यस परिवारको आर्थिक अवस्थामा मात्र सुधार आएको छ त्यसैले समग्र समाजमा विकास हुन सकेको छैन । नेपालमा आर्थिक क्षेत्रमा विकास भएको छ , तर यो लामो समयको लागी भने हुन सकेको छैन । (वै.रो.वि.,२०६८)

## १.२ समस्याको कथन

नेपालमा बढ्दै गएको जनसंख्या र औधोगिकीकरणको कमिले गर्दा बेरोजगार एउटा समस्याको रूपमा रहेको छ । देशको जनशक्ति कृषिमा निर्भर रहेको र अन्य वैकल्पिक

रोजगारको लागि विदेशिने क्रम बढिरहेको छ । यसलाई नेपाल सरकारले विश्वासिलो र व्यवस्थित बनाउन निति नियम,ऐन बनाएको छ । नेपाल सरकारले वैदेशिक रोजगारबाट हुने वार्षिक आय र रोजगारीमा जानेको मात्र साख्यिङकीय रेकर्ड राख्ने मात्र काम गरेको छ । तर वैदेशिक रोजगारले कामदारको आर्थिक,सामाजिक तथा साँस्कृतिक पक्षमा पारेको प्रभाव,सीप र दक्षतामा परेको प्रभाव,प्रविधि हस्तान्तरण वैदेशिक रोजगारप्रति उनीहरूको धारणाको बारेमा अनुसन्धान गर्न सकेको छैन । यो आफैमा एउटा अनुसन्धानको विषयवस्तु हुनसक्छ ,जसले गर्दा अनुसन्धान गर्न खोजेको हो ।

नेपाल कृषि प्रधान देश एवमं विकासोन्मुख तथा १० वर्षे जनयुद्धबाट गुज्रिएको मुलुक भएकोले देशमा विकासका कामहरू राम्रोसँग संचालन हुन नसक्दा वेरोजगारी तथा अर्ध–बेरोजगारीको संख्यामा वृद्धि भएकोले नेपाली श्रमिकहरू रोजगारीको खोजीमा वैदेशिक रोजगारीमा जान बाध्य छन् । (के.सी.,२०६६:५५) यसरी श्रमिक युवाहरू वैदेशिक रोजगारप्रति आकर्षण हुनुको मुख्य कारण खोज्दै यसले पारेको प्रभावको विश्लेषण गर्दै वैदेशिक रोजगारबाट प्राप्त रकमले उनीहरूको पारिवारिक जीवन तथा रहनसहन के–कस्तो क्षेत्रमा खर्च गरेका छन् ? खर्च गरेका क्षेत्र पहिचान गरी विश्लेषण गर्नु यस अध्ययनको मुख्य समस्या हो । त्यस्तै उनीहरूको अनुपस्थितिको कारण परिवारका सदस्यहरूले भोग्नु परेका समस्याहरू खोजी गर्नु यस अध्ययनको अर्को समस्या रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस शोधको अध्ययनको मूल उद्देश्य वैदेशिक रोजगारीले परिवार तथा समाजमा पारेको प्रभावको अध्ययन गरि वैदेशिक रोजगारप्रति आकर्षण बढ्नुको कारण पत्ता लगाउनु हो । यसको मूल उद्देश्य निम्न रहेका छन् ।

(क) वैदेशिक रोजगारीमा जानुपर्ने कारणहरूको बारेमा खोजी गर्नु ।

(ख) नेपाली समाजमा वैदेशिक रोजगारीले पारेको आर्थिक ,सामाजिक र साँस्कृतिक प्रभावको वारेमा खोजी गर्नु ।

(ग) वैदेशिक रोजगारीप्रतिको धारणा संकलन र विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

यस अर्न्तगत अध्ययनको उद्देश्य अनुसार अगाडी सारिएका प्रश्नहरूलाई आधार बनाएर समाजशास्त्रीय अवधारणा अनुसार विभिन्न तथ्याङ्क विधिहरू (घरधुरी सर्वेक्षण,

प्रश्नावली, अर्न्तवाता, अवलोकन, समूह छलफल र वैयक्तिक अध्ययन) प्रयोग गरी अध्ययन क्षेत्रमा वैदेशिक रोजगारीले पारेको आर्थिक, सामाजिक तथा सास्कृतिक प्रभाब एवमं रोजगारीबाट फर्किएका व्यक्तिहरूले समाजमा पारेको प्रभावको वारेमा विभिन्न किसिमका सुचना तथा तथ्यहरूको आधारमा प्राप्त निष्कर्षलाई सैद्धान्तिक एवं अनुभाविक आधारमा आगामी दिनमा यसै विषयवस्तुहरूमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागी यो महत्वपूर्ण द्धितिय स्रोत हुनसक्छ । यसका साथै वैदेशिक रोजगारले समाजमा पारेको प्रभावको मूल्याङ्कन गरी समस्या समाधानमा समेत सम्बन्धित पक्षको ध्यान केन्द्रित गराउन सहयोग हुन्छ ।

### १.५. अध्ययनको संगठनात्मक स्वरूप

प्रस्तुत शोधपत्रलाई जम्मा छ वटा अध्यायमा विभाजन गरिएको छ । जस अर्न्तगत अध्याय एकमा शोधपत्रको विषयवस्तुको अध्ययनको लागि विषयवस्तुको सार्न्दभिक्तालाई पुष्टि गर्ने खालको परिचय दिने किसिमले परिचयात्मक पृष्ठभूमिबाट शुरु गरिएको छ । यसका साथै वैदेशिक रोजगारको परिभाषा,समस्याको कथन, अध्ययनको उदेश्य, महत्वको, बारेमा उल्लेख गरिएको छ ।

यसैगरी अध्यया दुईमा पूर्व साहित्यको अध्ययन गरी वैदेशिक रोजगारले समाजमा पारेको प्रभाव साथै सैद्धान्तिक अवधारणालाई उल्लेख गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान पद्धति, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति, तथ्याङ्क संकलन विधि अन्तर्गत घरधुरी सर्वेक्षण, प्रश्नावली, अर्न्तर्वार्ता, सहभागी मूलक अवलोकन, वैयक्तिक अध्ययन र समुह छलफल गरी तथ्याङलाई विश्लेषण गरिएको छ ।

अध्याय चारमा भौगोलिक तथा सामाजिक परिचय अर्न्तगत अध्ययन क्षेत्रको परिचय लगायत यस क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्नहरूको जातीगत विवरण,उमेर,लिङ्गगत संरचना, पेशा, आम्दानी, जमिन, पशुर्पक्षि, वैदेशिक रोजगारमा जानुपर्ने कारण,आदीको बारेमा उल्लेख गरिएको छ ।

अध्याय पाँचमा वैदेशिक रोजगार र आर्थिक तथा सामाजिक सम्बन्ध अर्न्तगत वैदेशिक रोजगारको इतिहास,वैदेशिक रोजगारको प्रक्रिया र वैदेशिक रोजगारमा संलग्न र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको सामाजिक अबस्था आर्थिक विवरण, पेशा, आम्दानी तथा खर्च, आर्जित पैसाको उपयोग,सामाजिक तथा सास्कृतिक प्रभाव, वैदेशिक रोजगारप्रतिको धारणाको बारेमा उल्लेख गरिएको छ ।

अध्याय छ मा यस शोधपत्रको लागि जति पनि अनुसन्धान गरिएको छ त्यसको शिलशिलावद्ध सारांश र निश्कर्षको बारेमा उल्लेख गरिएको छ ।

# अध्याय – दुई

## सन्दर्भ साहित्यहरूको समीक्षा

### २.१. नेपालमा वैदेशिक रोजगारको इतिहास

नेपालमा वैदेशिक रोजगारीको शुरुवात १६औं शताब्दीमा राम शाहको पालाबाट भुटानको राजाको गुम्बा निर्माण गर्न सिकर्मी, डकर्मी धातुकर्मीको रूपमा कामदार आपूर्ती र चीनमा अरनिकोलाई मुर्ति बनाउन लगे पश्चात शुरु भएको भएता पनि मुलतः भारत, संयुक्त अधिराज्य, ब्रुनाई मलायमा काम गर्ने लाहुरेहरूबाट प्रथम विश्वयुद्धताका यसको विकास भएको पाइन्छ (www.dofe.gov.np)।

वास्तवमा छिमेकी मुलुक भारतबाट शुरु भएको वैदेशिक रोजगार सन् १९५० को दशकमा आएर अन्य मुलुकहरूमा पनि शुरु भयो । नेपाल र भारत विचको खुल्ला सिमानाको कारण भारतसँगको सम्बन्ध ऐतिहासिक कालदेखि रहेको पाइन्छ। सन् १८१४।१५ मा नेपाल र अंग्रेज विच भएको युद्ध पछि नेपालको शाहस र बहादुरीताको कारण नेपालीहरू भारतमा विर गोर्खालीको नामबाट परिचित छन्।

सन् १८१५ भन्दा अगाडी पनि नेपालीहरू भारतको आसाम, मेघालय, मणिपूर, भुटान, वर्मा, दार्जलिङ जस्ता मुलुकमा रोजगारीको लागि गएको पाइन्छ । ती स्थानमा नेपालीले रबर उधोग, खानी, चियावगान जस्ता क्षेत्रमा काम गरेको पाइन्छ । यसै सिलसिलामा काम सिकी केही मजदुर नेपालमा आएर काम शुरु गरेको पाइन्छ । यसको ज्वलन्त उदाहरण नेपालको पूर्वी क्षेत्रमा भएको चिया बगानलाई लिन सकिन्छ (पण्डित, २०५७:४२) । सन् १८१५ मा तल्कालिन ब्रिटिश साम्राज्यले भारतमा गोर्खा सैनिकको बटालियन स्थापना गरेपछी नेपालमा बैदेसिक रोजगारीको सुरु भएको पाइन्छ (पोखरेल, २०५७:४)।

भारतमा गएर रोजगारी गर्नुलाई वैदेशिक रोजगारी मानिएको छैन । वास्तवमा विदेश जाने चलनको विकास सन् १९५० पछि भएको हो । (दाहाल, २०५५:१८) यसपछि नेपाल खुल्ला अर्थ-व्यवस्थामा अगाडि बढ्यो । वि.सं २०२० सालपछि नेपाली कामदारले विदेशमा दुःख पाएको कुराहरू आउन थालेपछि नेपाल सरकारले वैदेशिक रोजगारलाई

व्यवस्थित र सुरक्षित वनाउनको लागि वि.सं २०२८ सालमा श्रमविभाग र वि.सं २०३८ सालमा श्रम मन्त्रालयको स्थापना गरी वैदेशिक रोजगार लाई व्यस्थित रूपमा अगाडि बढाई, परिमार्जित गर्दै जाने निति लिएको हो । (डाँगी, २०६७,६)

नेपाल सरकारले वैदेशिक रोजगारलाई सुरक्षित र विदेशमा रहँदा आइपरेका समस्यालाई समाधान गर्नको लागि १८ वटा मुलुकमा नेपाली दुतावास संञ्चालन गरेको छ । (दाहाल, २०६६ :४२) वैदेशिक रोजगार ऐन वि.सं. २०४२ सालदेखि लागु भएको हो । ऐन लागु भएपछि वैदेशिक रोजगार व्यवसायलाई संस्थागत रूपमा विकास गर्न छैटौं योजना देखि शुरु भएको हो । (राष्ट्रिय योजना आयोग : २०३७) यसरी विभिन्न पञ्चवर्षिय योजना लगायत त्रि-वर्षीय योजनामा समेत नेपाली श्रमिकहरूको सुरक्षाको लागि नेपालका कुटनैतिक नियोग को रूपमा अन्य सरकारी निकायलाई परिचालन गरिने कुरा उल्लेख छ । (राष्ट्रिय योजना आयोग : २०६५)

बैदेशिक रोजगार ऐन २०४२, बमोजिम कार्य क्षेत्र बिस्तार गरी श्रम तथा रोजगार प्रवद्धन विभाग नामाकरण गरिएको हो । बैदेशिक रोजगारीलाई अझ मर्यादित,व्यबस्थित र सुरक्षित बनाउनको लागी मिति २०६५ पौष १६ गते बैदेशिक रोजगार प्रवद्धन बिभागलाई अलग गरि बैदेशिक रोजगार विभागको छुट्टै स्थापना भएको छ । हाल बैदेशिक रोजगार विभाग अर्न्तगत अन्तराष्ट्रिय विमानस्थलमा श्रमकक्ष १,आगमन कक्ष १, तथा कोरिया अनुमति प्रणाली (इ.पि.एस) शाखा समेत रहेको छ (www.weeklynepal.com /index . php/2011-08-02)

नेपालबाट वैदेशिक रोजगारको लागि जाने कामदारहरू संस्थागत रूपमा, व्यक्तिगत रूपमा र गैरकानुनी रूपमा गएको पाइन्छ । व्यक्तिगत प्रयासबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिको हकमा ऐनमा स्पष्ट व्यवस्था गरेको छ । व्यक्तिगत प्रयासमा जान चाहने व्यक्तिले आफु जान चाहेको मुलुक, रोजगार दाता संस्था र त्यसले दिएको “काम गर्ने अनुमति पत्र” साथै सो संस्थाले दिने मासिक पारिश्रमिक कामको किसिम र कार्य, समय रोजगारीका शर्तहरू र अन्य सुविधा सहित श्रम विभागमा निवेदन दिएमा नेपाल सरकारले आवश्यक कुराबुझी निवेदकलाई वैदेशिक रोजगारमा जान स्वीकृति दिन सक्ने व्यवस्था छ । (श्रम डेस्क रजिष्ट्रार, १९१८ः १ )

रोजगारको विमा लगाएत नेपालमा हुने विमाको सम्बन्धमा वि.सं. २०५४।१२।१० गतेबाट मन्त्रीस्तरको निर्णयले वि.सं.२०५५।०३।०७ गते देखि लागु हुने गरी व्यक्तिगत प्रयासबाट रोजगारमा जाने व्यक्तिले रु. १ खालको विमा गर्नु पर्ने भएको छ (शाक्य, १९९८:१) ।

नेपाल सरकारको पहलमा वि.सं. २०५४ बैशाखमा पूर्व न्यायधिश महेश्वरमान प्रधानको संयोजकत्वमा त्रिलोचन उप्रेती (सह सचिव जल तथा शक्ति आयोग) र डिल्ली राज उप्रेती -उप-प्राध्यापक महेन्द्र रत्न क्याम्पस) तीन सदस्यीय टोली गरी वैदेशिक रोजगारी जाँचबुझ आयोग वि.सं. २०५४ सालमा गठन गरी काम अगाडी बढाएको थियो (पोखरेल, २०५७:२६) । यसरी संस्थागत तरिकाले यस व्यवसायलाई विकास गरेर वेरोजगारी समस्या समाधान हुने अपेक्षा गरिएता पनि अपेक्षाकृत रूपमा सफल भई रहेको छैन, किनकी यसमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिस्पर्धाहरू बढिरहेका छन् । ऐन, निति, नियम बनेता पनि कार्यान्वयन फितलो भएको छ ।

वि.सं. २०५४ सालमा बनेको आयोगलाई पूनः गठन गरी श्रम मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा रोजगार प्रवर्धन विकास समीती गठन गरी रोजगारीको सम्बन्धमा रोजगारीको. नयाँ-नयाँ क्षेत्र, ठाउँको पहिचान गर्न र त्यस्तो क्षेत्रलाई आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्न आवश्यक तालिमको व्यवस्था गर्न भन्ने कुरा उल्लेख गरिएको छ (नेपाल राजपत्र खण्ड ४७, २०५४:३,४) ।

वैदेशिक रोजगार सम्बन्धी विभिन्न तथ्याङ्क अनुसार विश्वभरीमा २० करोड ५० लाख भन्दा बढी नागरिक आफु जन्मेको भूमीछाडी कामको लागि अन्य मुलुकमा गएको पाइन्छ । नेपालको सन्दर्भमा पनि कामको लागि विदेशिने क्रम बढ्दो रहेको छ (वैदेशिक रोजगार विभाग, २०६८ को पछिल्लो रिपोर्ट) ।

## २.२. बैदेशिक रोजगार सम्बन्धी विधमान ऐन तथा निति-नियम

वि.स.. २०३८ सालमा वैदेशिक रोजगारलाई व्यवस्थित रूपमा अगाडी बढाउन श्रम मन्त्तालयको स्थापना भयो । यसरी बैदेशिक रोजगारीमा भैपरी आउने समस्या समाधान गर्नको लागि वि.सं. २०४२।०३।०२ बाट वैदेशिक रोजगार ऐन २०४२ लागु गरियो ।

अहिले आएर यस ऐन लाई संसोधन गरी वि.स २०६४/०५/०९ देखि संसोधित वैदेशिक रोजगार ऐन २०६४ तथा वैदेशिक नियावली २०६४ तयार पारिएको छ । यस ऐनमा वैदेशिक रोजगार सम्बन्धि कानुनलाई संसोधन गर्न वनेको ऐन प्रस्तावाना वैदेसिक रोजगार व्यवसायलाई प्रवद्धन गरी सुरक्षित र मर्यादित बनाउन तथा वैदेसिक रोजगारमा जाने कामदार र वैदेसिक रोजगार व्यवसाहीको हक-हितको संरक्षण गर्नका लागि वैदेसिक रोजगार सम्बन्धी कानुनलाई संसोधन र एकिकरण गर्न वाच्छनिय भएकाले व्यवस्थापिका संसदले ऐन वनाएको छ । (वैदेसिक रोजगार ऐन, २०६४)

वैदेशिक रोजगार ऐन २०६४ को दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वैदेसिक रोजगार संचालन गर्न पाँउने मुलुक तोक्ने व्यवस्था रहेको छ । उपरोक्त तोकिएका मुलुकहरू मध्ये नेपाल सरकारले कुनै मुलुकमा वैदेसिक रोजगार व्यवसाय संञ्चालन गर्न नपाउने गरी खास समयका लागि स्थगन (रोक्न) सकिने छ भनी उल्लेख गरिएको छ । यस सन्दर्भमा नेपाल सरकारले १०८ वटा मुलुकको लागि श्रम स्वीकृति दिएको छ । यसको लागि आर्थिक वर्ष २०६७०६८मा श्रम तथा रोजगार प्रबद्धन मन्त्रालयबाट ८५० वटा म्यानपावर संस्थाले इजाजत प्राप्त गरेकोमा २३७ वटा म्यानपावर संस्थाको इजाजत रद्ध गरेको छ ।

“विभाग” भन्नाले वैदेशिक रोजगार विभाग सम्भनुपर्छ । “संस्था” भन्नाले वैदेशिक रोजगार संञ्चालन गर्न प्रचलित कम्पनि ऐन वमोजिम स्थापना भएको संस्था सम्भनुपदर्छ । “इजाजत पत्र” भन्नाले वैदेशिक रोजगार व्यवसाय संञ्चालन गर्दा दफा १० वमोजिम दिएको इजाजत पत्र सम्भनु पर्छ । “इजाजत पत्रवाला” भन्नाले दफा १० वमोजिम इजाजत पत्र प्राप्त संस्था सम्भनुपर्छ । “सेवा मुलक” भन्नाले वैदेशिक रोजगार व्यवसायीले कामदार विदेश पठाए वापत लिने रकम सम्भनुपर्छ । (वैदशिक रोजगार ऐनः २०६४)

### २.३ **वैदेशिक रोजगारलाई सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा**

समाजको एउटा महत्वपूर्ण चरित्रको रूपमा रहेको अत्यन्त चलबस्तु भनेको श्रम हो । परम्परादेखि आजसम्म पनि विभिन्न दृष्टिकोणबाट श्रमलाई परिभाषित र निर्देशित गर्ने गरिएको छ । समय अनुकुल परिमार्जित हुँदै जाने समाजमा श्रमको वस्तुस्थिति र परिपाटीले एउटा सैद्धान्तिक दृष्टिकोण ल्याउने गर्दछ । यसलाई विभिन्न दार्शनिक, समाजशास्त्र र अन्य विद्धान वर्गले विभिन्न दृष्टिकोणबाट समाजमा स्थापित गर्दै पूर्णमान्यता दिइ पुष्टि गरेका

छन् । यी विभिन्न मान्यताहरू मध्ये अध्ययनसँग सम्वन्धित समाजशास्त्रिय दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ ।

**विश्वव्यवस्था सिद्धान्त**

आधुनिकीकरण सिद्धान्तले देखाएको सामाजिक संस्थाप्रतिको वेवास्ताको स्थिति, आधुनिक बन्नलाई पश्चिमी आर्थिक र सामाजिक शैलिको नक्कल गर्नु पर्ने अवस्था तथा विभिन्न देशहरू बीच विकासका अवास्तविक सम्बन्धहरूको सृजनाको बारेमा विश्लेषण गर्दै तेस्रो विश्व वा गरीब राष्ट्रहरू किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्व व्यवस्था सिद्धान्तको विकास गरिएको हो । जसका मुख्य व्याख्याकार वालेस्ट्राइन हुन । यसलाई नव माक्सवादी सिद्धान्त वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्व व्यवस्था सिद्धान्त अनुसार शुरुमा भौगोलिक विस्तार भयो र त्यसपछिको पृष्ठभूमिमा विश्वव्यापी रूपमा श्रम विभाजन भयो । यसै गरि १६औं शताब्दीमा आइपुग्दा पुँजीवाद नै शक्तिशाली बन्न पुग्यो । तर विश्वमा पुँजीवादको विकास समानरूपले भएन (वालेस्ट्राइन उद्धित रिट्जर,१९९२)

यस सिद्धान्त अनुसार विश्वव्यस्था अन्तर्गत यसका विभिन्न भागहरू (केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्र) विभिन्न कुराका लागि महत्वपूर्ण हुँदै गएर विशिष्ठ कार्यहरू(श्रमको उत्पादन, खाद्यान्न उत्पादन, कच्चा पदार्थको उपलब्धता र प्रयोगका वस्तुको निर्माण) गर्दै गए । जस्तैः अफ्रिकाले दासको उत्पादन, पश्चिम र दक्षिण युरोपले किसानको उत्पादन र पश्चिम युरोपमा ज्यालादार कामदार शासन गर्ने वर्ग र सिप युक्त प्रशासकहरू रहन पुगे ( रिट्जर,१९९२) ।

यसै गरि वालेस्ट्राइनका अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्र मजदुर (Free Labour), अर्धपृष्ठ क्षेत्रमा किसानहरू (Share Cropping) र पृष्ठ क्षेत्रमा बाध्यात्मक वा बाधा मजदुर (Forced Labour) रहन गए । यसरी केन्द्रमा सिपमुलक र स्वतन्त्र मजदुरहरूको बाहुल्यता हुन पुग्यो । यसका साथै केन्द्र क्षेत्रसँग भएका सिपमुलक मजदुरलाई प्रयोग गरी विकशित राष्ट्रले विश्वका विभिन्न ठाउँहरूमा उद्योगधन्दा सञ्चालन गरी पुँजीवादलाई विस्तार गर्न थाले (रिट्जर, १९९२) । यसरी ती उद्योगधन्दाहरू एशियाका अरवियन मुलुकहरूमा पुँजीवादी राष्ट्रले स्थापना गरेपछि उद्योग निर्माण तथा कार्य सञ्चालन र उत्पादन गर्नका लागि अदक्ष र अर्धदक्ष कामदारहरूको आवश्यकता भएकोले रोजगारिका लागि जानथाले । यसरी विश्वपुँजीवाद व्यवस्था अन्तर्गत नेपाल एउटा अदक्ष र अर्धदक्ष मजदुर उत्पादन गर्ने राष्ट्रका रूपमा विकशित हुन पुग्यो ।

यस अनुसन्धानमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको बारेमा अध्ययन गर्दा कसरी स्याङ्जा जिल्लाको पुतलिबजार–१० (अध्ययन क्षेत्र) बाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको आधारमा विश्व व्यवस्था सिद्धान्तसँग जोडिएको छ । वैदेशिक रोजगारले विशेषगरी आर्थिक क्षेत्रमा प्रभाव पारेको छ । वैदेशिक रोजगारको आम्दानि उत्पादन मुलक क्षेत्रमा लगानि हुन सकेको छैन । त्यस आम्दानिलाई परिवारले खाद्यन्न, लत्ताकपडा, शिक्षा, स्वास्थ्य, घरनिर्माण जस्ता क्षेत्रमा खर्च गरेका छन् । विशेषगरी वैदेशिक रोजगारले परिवारको जिवन शैली, रहनशहनमा प्रभाव पारेको छ र यसले समाजलाई आधुनिकता तर्फ लगेको देखिन्छ । यसका साथै वैदेशिक रोजगारबाट कमाएर ल्याएको आम्दानी वा पुँजी पुनः केन्द्र स्तरमा वा अन्य मुलुकहरूमा जान्छ भन्ने कुराको बारेमा अध्ययन गरिएको छ ।

# अध्याय : तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनौंटको औचित्य

यस अध्ययनको स्याङ्जा जिल्लाको पुतली बजार नगरपालिका वार्ड नं.१० लाई छनौट गरिएको छ । यस क्षेत्रमा धेरै जसो व्यक्तिहरू स्थानिय स्तरका रोजगारी तथा ग्रामिण क्षेत्र भएकोले कृषिमा निर्भर रहेकाले पनि अन्य रोजगारीका लागि प्रशस्त संभावना नभएकाले वैकल्पिक रूपमा युवा जनशक्ति वैदेशिक रोजगारमा जाने क्रम निरन्तर चलिरहेको छ । जसले गर्दा यस क्षेत्रमा वैदेशिक रोजगारले व्यक्तिगत पारिवारीक तथा सामाजिक जीवनमा प्रभाव पारेको देखिन्छ । यस अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा संलग्न घरपरिवार एवमं स्वयं रोजगारीबाट फर्केर आएको व्यक्तिले समाजमा कस्तो प्रभाव पारेको छ त भन्ने बारेमा बुझ्नको लागि यस अध्ययन क्षेत्रको छनौट गरिएको छ । यस स्थानलाई नै अध्ययन क्षेत्र छनौट गर्नुको कारण निम्न अनुसार छन् ।

- यस स्थानबाट वैदेशिक रोजगारमा संलग्न हुनेको संख्या दिनप्रतिदिन वृद्धि हुँदै गएकाले ।
- वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको पारिवारीक जीवनमा परिवर्तन भई यसको प्रभाव समाजमा देखिएकाले ।
- शोधकर्ता यस स्थानमा स्थायी बसोबास गर्ने भएको हुनाले प्रत्यक्ष अवलोकन विधिद्धारा तथ्याङ्क संकलन गर्न सजिलो हुनाले ।

## ३.२ अनुसन्धानको प्रकृति

यस अनुसन्धानमा उद्देश्यको आधारमा तथ्याङ्क संकलन गर्दा गुणात्मक (qualitative) र संख्यात्मक (quantitive) प्रकृतिको सूचनाहरु प्रयोग गरी विश्लेषण गरिएको छ । जसको लागि अनुसन्धानमा सबै सूचना संख्यामा गणना गर्न नमिल्ने खालको भएकाले पनि तथ्याङ्कको प्रकृतिको आधारमा विश्लेषण गरिएको छ ।

## ३.३ गणना विधि

अध्ययनको लागि पूतली बजार नगरपालिका –१० बाट वैदेशिक रोजगारमा संलग्न भएका व्यक्तिहरूको परिवार तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई लिइएको छ । यस वडामा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको घरधुरी संख्या ५० र वैदेशिक रोजगारबाट फर्किएका स्वयं व्यक्ति २० जनालाई समावेश गरिएको छ ।

### ३.४ तथ्याङ्कको स्रोत

अध्ययनको उद्देश्यको आधारमा तथ्याङ्क संकलन गर्दा प्राथमिक स्रोत तथा द्धितिय स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत अध्ययन क्षेत्रमा प्रत्यक्ष रूपमा सहभागी भई अन्तरवार्ता, अवलोकन, वैयक्तिक अध्ययन र समूह छलफलको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । द्धितिय स्रोत अर्न्तगत नगरपालिका, जिल्ला विकास समिति, र विभिन्न सरकारी कार्यालय, तथ्याङ्क विभाग तथा विभिन्न पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, विभिन्न सञ्चारका माध्यमका सूचना, समाजशास्त्र तथा मानवशास्त्रका विद्धानबाट लेखिएका सम्बन्धित पुस्तकहरू साथै विषयवस्तुसँग सम्बन्धित भएका शोधपत्र आदिको अध्ययन गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलनको विधि

यस विषयको अध्ययनको लागि आवश्यता अनुसार सम्बन्धित क्षेत्रमा बसोबास गरी त्यहाँका वासिन्दाहरूसँग आत्मियता तथा सम्बन्ध कायम गरी अध्ययनलाई अगाडी बढाउने प्रयास गरिएको छ । यस अध्ययनको लागि निम्न विधिहरूको प्रयोग गरिएको छ ।

#### ३.५.१. घरधुरी सर्वेक्षण

यस अर्न्तगत वैदेशिक रोजगारमा संलग्न व्यक्तिका घरमा ७० घरधुरी मध्ये ५० वटा वैदेशिक रोजगारमा संलग्न परिवारको घरमुली संग र २० जना स्वयंम रोजगारमा संलग्न भई फर्किएका व्यक्तिहरुको पारिवारिक जनसंख्या, आर्थिक, सांस्कृतिक र शैक्षिक पक्षको बारेमा तथ्याङ्कहरू संकलन गरिएको छ ।

#### ३.५.२. प्रश्नावली

अनुसन्धानको उद्देश्यको आधारमा प्रश्नावली तयार गरी अध्ययन क्षेत्रमा गई सामाजिक, साँस्कृतिक, विवरण, हालको पेशा, रोजगारमा जानु भन्दा अगाडिको पेशा, शिक्षा, आर्थिक विवरण आदिको बारेमा तथ्याङ्क संकलन गरिएको छ । यस अर्न्तगत सम्बन्धित क्षेत्रका व्यक्तिसँग प्रत्यक्ष रूपमा भेटेर तयार पारिएका प्रश्नावलिका आधारमा उत्तरदाता र शोधकर्ताबिच दोहेरो वार्तालापको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । जहाँ व्यक्तिगत

तहमा रहेर शोधकर्ताले उत्तरदात्तासँग प्रत्यक्ष रूपमा भेटघाट गरि आवश्यक सूचना लिने भएकोले संकलित सूचनामा विश्वासनियता र सत्यता रहने अनुमान गरिएको छ । यस क्रममा ७० घरधुरीमध्ये ५० वटा घरधुरीमा अन्र्तवाताको लागि वैदेशिक रोजगारमा संलग्न व्यक्तिका घरमुलीलाई समावेश गरिएको छ भने बाँकि २० घरधुरीमा वैदेशिक रोजगारमा संलग्न भई फर्किएका स्वयंम व्यक्तिहरूलाई समावेश गरिएको छ ।

### ३.५.३. **अवलोकन**

यस अध्ययनको स्थलगत कार्य प्रत्यक्ष रूपमा सहभागी मूलक अवलोकन विधिबाट तथ्याङ्क संकलन गरिएको छ । यस विधिबाट अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा संलग्न परिवार र रोजगारबाट फर्किएका स्वंय व्यक्तिको घरमा रहेको पशुंपंक्षी, घरको बनावटको बारेमा अवलोकन गरिएको छ ।

### ३.५.४. **समूह छलफल**

यस अर्न्तगत वैदेशिक रोजगारमा संलग्न घरपरिवारको सदस्य र रोजगारबाट फर्किएका व्यक्तिलाई एउटा समूहमा भेला बनाएर निश्चित स्थानमा बसेर उनिहरूले वैदेशिक रोजगारमा संलग्न हुनुको कारण ,वैदेशिक रोजगारीले उनीहरूको आर्थिक क्षेत्रमा परेको प्रभाव ,सामाजिक सम्बन्धमा परेको प्रभाव ,वैदेशिक रोजगार सम्बन्धि धारणा बारेमा छलफल गरि समूह छलफलको आधारमा तथ्याङ्क संकलन गरियो ।

### ३.५.५ **अध्ययनको सीमा**

यस प्रस्तुत शोधलाई अध्ययन गर्ने क्रममा निश्चित भौगोलिक क्षेत्रमा गरिएको हो । पश्चिमाञ्चल विकासक्षेत्र अर्न्तगत गण्डकी अञ्चलको स्याङ्जा जिल्लामा अबस्थित पुतलीबजार नगरपालिका वाड नं.१० को जनसंख्यालाई समग्र एकाई (whole Universe) को रूपमा लिई वैदेशिक रोजगारमा संलग्न घरपरिवारलाई उद्देश्य मुलुक नमूना छनौटको आधारमा नमुना संकलन गरी विभिन्न अनुसन्धान विधि अनुसार लिएको तथयाङ्कलाई विश्लेषण गरिएको छ । यस क्षेत्रमा बढी मात्रामा खाडी मुलुकमा जाने गरेको पाइएकाले अनुसन्धानमा पनि यिनै मुलुकमा वैदेशिक रोजगारको लागि संलग्न भएको घरपरिवारलाई प्राथमिकता दिएको छु ।

## ३.६. **तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण**

शोधपत्रको उद्देश्यसँग सम्बन्धित भएर संकलित विभिन्न किसिमका तथ्यहरूको प्रकृति अनुसार वर्गीकरण गरि गुणात्मक तथ्यलाई व्याख्या गरी मात्रात्मक तथ्यलाई तालिका बनाएर विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको भौगोलिक तथा सामाजिक परिचय

## ४.१ भौगोलिक परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलको पाँचवटा जिल्ला मध्ये पहाडी जिल्ला एवं सुगम जिल्ला स्याङ्जा हो । यो जिल्ला समुन्द्रि सतहवाट न्यूनतम ७४९ मिटर देखि अधिकतम १९३१ मिटर उचाई सम्म अवस्थित रहेको छ । यस जिल्ला विश्व मान चित्रमा ८३°४७'३०" देखि ८३°४५'३४" पूर्वी देशान्तर, अक्षाशं २८°०३'१८" देखि २८°०८'४४" उत्तरी अक्षांश विच अवस्थित रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल ५८.६३ वर्ग कि.मि रहेको छ । यस जिल्लाको सवैभन्दा कम उचाई भएको स्थान हेलु र अधिकतम उचाई भएको खर्सुको लेक हो । यस जिल्लालाई चारैतिर ठुलासाना डाँडाले घेरेको छ । यस जिल्लामा उष्ण र समशितोष्ण किसिमको हावापानी पाईन्छ । जिल्लाको ८० प्रतिशत भु-भागमा प्रत्येक वर्षको आश्विन महिनादेखी फागुन महिना सम्म हुस्सु लाग्दछ । नेपालको सवैभन्दा वढि पानि पर्ने स्थान कास्की जिल्ला नजिक पर्ने भएको कारण पानी वढी पर्ने गर्दछ । कुल वर्षा मध्ये मनसुन वायु र पश्चिमि वायुवाट वर्षात र हिउँदमा क्रमश करिव ८०% र २०% पानी पर्दछ । यस जिल्लाको हावापानी नत धेरै गर्मी नत धेरै जाडो हुने खालको छ । यस जिल्लामा औषतमा न्यूनतम तापक्रम ५ डिग्री सेन्टग्रेट र अधिकतम तापक्रम ३२ डिग्री सेन्टीग्रट सम्म रहन्छ ।(जि.वि.स.को कार्यालय स्याङ्जा, २०६८)

स्याङ्जा जिल्लाको जम्मा जनसंख्या २८८०४० रहेको छ। जसमा पुरुषको संख्या १२५८७२ र महिलाको संख्या १६२१६८ रहेको छ । वार्षिक जनसंख्या वृद्धिदर ०.९७ रहेको छ । वाहिर गएको जनसंख्या ५०१६७ जसमा पुरुष ४५२६३ र महिला ४९०४ रहेको छ जिल्लाको कुल घरधुरी संख्या ६२७३५ रहेको छ (राष्ट्रिय जनगणना, २०६८, स्याङ्जा) ।

## ४.२ सामाजिक परिचय

पूतलि वजार नगरपालिका १० को जम्मा जनसंख्या २४८० रहेको छ। जसमा पुरुष १०१६ र महिला १४६४ रहेको छ । यस क्षेत्रवाट वैदेशिक रोजगारमा गएका जनसंख्या ३७७ जना छ । यसमा पुरुष ३४४ र महिला ३३ जना रहेको छ। पूतलि बजार नगरपालिका १० मा जम्मा घरसंख्या ६२३ रहेको छ (राष्ट्रिय जनगणना, २०६८, स्याङ्जा) ।

स्याङ्जा जिल्लावाट २०६० वाट २०६८ चैत्र मसान्त सम्मको तथ्याङ्क अनुसार पासपोर्ट वनाउनेको संख्या ७०९१८ जना रहेको जसमध्ये महिला ३५% रहेको छ । (जिल्ला प्रशासन कार्यालय स्याङ्जा)

यस वडा नगरपालिका कार्यालयवाट करिव ९ कि.मि पैदल दुरीमा आधिँखोला पारी सवैभन्दा पश्चिममा रहेको सवैभन्दा ठूलो वडा छ । यस वडाको पुर्वमा पूतलि बजार नगरपालिका ११ पश्चिममा दरौ गाविस र कौडिखोला धुले सामूदायीक वन बोडिखोला दक्षिणमा खिलुङ देउराली गा.वि.स. र पूतलि बजार नगरपालिका १३ रहेको छ । यस वडाको जम्मा क्षेत्रफल ९.३३ वर्ग कि.मी. रहेको छ ।

**तालिका नं. १ जातजातीहरूको जनसंख्यागत विवरण**

| क्र.स. | जातजाती | जनसंख्या | | | जम्मा जनसंख्याको प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १. | व्राम्हण | १०३८ | १०७३ | २१११ | ५६.१६ |
| २. | क्षेत्री | ४९४ | ५२० | १०१४ | २६.९८ |
| ३. | कामी | ११२ | ९७ | २०९ | ५.५६ |
| ४. | घर्ति /भुजेल | ९० | ८६ | १७६ | ४.६८ |
| ५. | माझी | ३८ | ५७ | ९५ | २.५३ |
| ६. | सार्की | ४० | ३१ | ७१ | १.८९ |
| ७. | गुरुङ | १० | १७ | २७ | ०.७२ |
| ८. | दमाई | ८ | १४ | २२ | ०.५९ |
| ९. | मगर | ७ | ७ | १४ | ०.३७ |
| १०. | सन्यासी | ४ | ५ | ९ | ०.२४ |
| ११. | ठकुरी | ४ | ३ | ७ | ०.१९ |
| १२. | तराई व्राम्हन | १ | ३ | ४ | ०.११ |
| | जम्मा | १८४६ | १९१३ | ३७५९ | १०० |

स्रोतः- पूतलीवजार नगरपालिका पार्श्वचित्र २०६४:९१

तलिका नं. १ बाट यस वडा मा कुनै जाति विशेषको वसोवास स्थान नभई विभिन्न किसिमका जनजातीको वसोवास भएको देखिन्छ । यस क्षेत्रमा व्राम्हण जातीको वसोवास पहिले देखिनै रहेको कुरा स्थानिय पाका व्यक्तिहरूको भनाईवाट थाहा हुन आउछ । अन्य जात जाति पनि केही अन्य ठाँउवाट वसाई सरेर आएको वताएका थिए । यस क्षेत्रमा

सवैभन्दा वढि व्राम्हण जातीको वाहुल्यता रहेता पनि सवै जातजाती मिलेर वसेको देखियो । एक अर्काको संस्कृति आदानप्रदान भएको पनि देखिन्छ । दशै तिहार जस्ता पर्वहरू अन्य जातिले पनि क्षेत्री व्राम्हणले जस्तै गरी मनाउने, विवाह वा अन्य सामाजिक, सांस्कृतिक समारोहमा सवै जातीको उत्तिकै सहभागिता हुने भएकोले यस वडामा सामाजिक सांस्कृतिक एकता रहेको देखिन्छ । यसरी अध्ययन क्षेत्रका जनजातीले विशेषत व्राम्हण तथा क्षेत्री जातिले अवलम्वन गरेको सांस्कृतिक पक्षलाई अवलम्वन गरेका देखिन्छ ।

## ४.३ उमेर र लिङ्गगत विवरण

कुनै पनि स्थान विशेषमा रहेको जनसंख्यालाई त्यहाँ रहेको उमेर र लिङ्गले निर्धारण गर्दछ । अध्ययन क्षेत्रबाट बैदेशिक रोजगारमा संलग्न परिवारको जनसंख्या कति र कुन उमेर समूहका छन् भनी प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ वैदेशिक रोजगारमा संलग्न परिवारको उमेर र** लिङ्गगत **विवरण**

| उमेर समूह | जातजाति | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | ब्राह्मण | | गुरुङ | | क्षेत्री | | | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरष | | |
| ० - २० | २९ | २९ | ५ | ६ | ४ | ५ | ७८ | २६ |
| २० - ४० | ४९ | ५२ | ११ | ११ | ७ | ९ | १३९ | ४६ |
| ४० - ६० | २७ | ३० | ६ | १ | ३ | ४ | ७१ | २३ |
| ६०+ | १ | - | - | - | - | १ | २ | ५ |
| **जम्माः** | **१०६** | **१११** | **२२** | **१८** | **१४** | **१९** | **२९०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९

तालिका २ अनुसार अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न घरपरिवारको जनसंख्यालाई विभिन्न उमेर समुहमा विभाजन गरेर विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न परिवार ५० वटा घर रहेका छन्, जसमा ब्राह्मण समुदायबाट रोजगारमा संलग्न ३७ वटा घरपरिवार रहेको छन्, जसमा जम्मा जनसंख्या २१७ जना रहेका छन् । जम्मा जनसख्यामा पुरुषको संख्या १११  जना र महिलाको संख्या १०६ जना रहेको छ ।जसमा ०–२० उमेर समुहका वैदेशिक रोजगारमा संलग्न नभएको पाइयो जसको कारण तालिकामा देखाउदा उमेर समुहलाई २० को अन्तर पारेर विश्लेषण

गरिएको छ । जस मध्ये जम्मा जनसंख्यामा २०-४० उमेर समूहमा महिला पुरुष दुवैको संख्या बढी देखियो, सामान्य रुपमा यही उमेर समूहका बढी मात्रामा वैदेशिक रोजगारमा संलग्न हुने गरेको पाईन्छ र यहि उमेर समूहलाई सक्रिय जनशक्तिको रुपमा लिईन्छ । त्यस्तै गरी ४०-६० उमेर समूहमा पुरुषको संख्या बढी देखियो भने ६० वर्ष भन्दा माथि उमेर समूहमा जम्मा जनसंख्यामा निकै कम रहेको देखियो ।

गुरुङ समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवार ७ वटा घरपरिवार रहेको छ, जसमा जम्मा जनसंख्या ४० जना रहेका छन् । जम्मा जनसंख्यामा पुरुषको संख्या १८ जना र महिलाको संख्या २२ रहेको छ । जस मध्ये ४०-६० उमेर समूहमा पुरुषको संख्या निकै कम रहेको देखियो ।

क्षेत्री समुदायबाट वैदेशिक रोजगारमा संलग्न घरपरिवार ६ वटा रहेको छ, जसमा जम्मा जनसंख्या ३३ रहेको छ । जसमा महिला १४ जना र पुरुष १९ जना रहेको छ । जस मध्ये २०-४० उमेर समूहको जनसंख्यामा पुरुषको संख्या बढी देखियो भने ६० वर्ष उमेर समूह जनसंख्या निकै कम रहेको देखियो ।

ब्राह्मण र क्षेत्री समुदायमा पितृसत्तात्मक सोचको कारण अथवा पुरुषलाई नै सर्वेसर्वा ठान्ने परम्पराले गर्दा महिला भन्दा पुरुषको संख्या बढी रहेको देखियो भने गुरुङ समुदायमा महिलाको भूमिका बढी रहेको अथवा महिला-पुरुष बीचमा समान दृष्टिकोण राख्ने भएकोले पनि पुरषको भन्दा महिलाको संख्या बढी रहेको देखियो । त्यस्तै गरी हरेक जातिमा २०-४० उमेर समूहको संख्या बढी रहेको देखियो । देशमा पनि यहि उमेर समूहको संख्या बढी रहेको छ । यस जनशक्तिलाई सक्रिय जनशक्तिको रूपमा लिइन्छ । यही सक्रिय जनशक्ति बढी मात्रामा वैदेशिक रोजगारमा  संलग्न भएको पाइन्छ । देशमा रोजगारको अवस्था सिर्जना हुन नसक्दा काम गर्न सक्रिय उमेर समूहका युवाहरू वैदेशिक रोजगारमा संलग्न भएका छन् जसको कारण देशमा युवावर्गको अभावमा विकास निर्माणको काम हुन सकेको छैन ।

### ४.४ जातिगत विवरण

जुनसुकै समाजमा पनि विभिन्न जातजातिको बसोबास रहेको हुन्छ । जातको आधारमा काम वा पेशाको वर्गीकरण गरिएको हुन्छ, तर अहिले आएर वैदेशिक रोजगारमा

सवै जातको संलग्नता रहने हुँदा जातको आधारमा गरिने कामको बाँडफाँड क्रमशः कम हुँदै गएको छ । यहाँ अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न जातिगत विवरणलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३ वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको जातिगत विवरण**

| जातजाति | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| ब्राह्मण | ३ | ३४ | ३७ | ७४ |
| गुरुङ | - | ७ | ७ | १४ |
| क्षेत्री | - | ६ | ६ | १२ |
| **जम्माः** | **३** | **४७** | **५०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं.३ अनुसार वैदेशिक रोजगारमा संलग्न परिवार मध्ये जातिगत विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा सवै जातको संलग्नता रहे तापनि यस अध्ययनमा व्राह्मण, गुरुङ र क्षेत्री जातको संलग्नतालाई प्राथमिकता दिएको छ । किनकी अध्ययन क्षेत्रमा ब्राह्मण, गुरुङ, र क्षेत्री जातिको वसोवास बढी रहेको छ र रोजगारमा संलग्न हुनेको संख्या पनि बढीरहेको देखियो । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न ब्राह्मण जातिको जम्मा संख्या ३७ रहेको छ, जसमा पुरुष ३४ जना र महिला ३ जना रहेका छन्, जसमा महिला सहभागिता निकै कम रहेको देखियो ।

गुरुङ समुदायबाट वैदेशिक रोजगारमा संलग्न जम्मा ७ जना रहेका छन्, जसमा महिलाको सहभागिता रहेको छैन । त्यस्तै गरी क्षेत्री समुदायबाट रोजगारमा संलग्न पुरुषको संख्या ६ जना रहेको छ जसमा महिला सहभागिता रहेको छैन ।

ब्राह्मण समुदायबाट वैदेशिक रोजगारमा संलग्न भएका ३ जना महिला यस अध्ययन क्षेत्रका प्रतिनिधि पात्र हुन् । यि ३ जना महिला पनि विवाहित तर विशेष कारण आफ्नो श्रमिान्सँग अलग भएर माईती घरमा बसेका महिलाले आफ्नो भविष्य राम्रो बनाउन, केही आम्दानी गरी नेपालमा सानो व्यवसाय गरी वस्नको लागि रोजगारमा संलग्न भएको पाईयो । समग्रमा हेर्दा हाम्रो सामाजिक मूल्य-मान्यता र परम्पराले गर्दा महिलालाई

दोस्रो दर्जाको नागरिकको रूपमा हेरी घरभित्रको काममा मात्र सीमित राख्ने परम्पराले गर्दा वैदेशिक रोजगारमा महिला सहभागिता अत्यन्तै कम रहेको पाईयो ।

### ४.५ पेशा

पेशा भन्नाले यस अध्ययन क्षेत्रका व्यक्तिले गर्ने काम वा रोजगारलाई बुझिन्छ, जुन व्यक्तिको जिविकोपार्जनसँग सम्बन्धित रहेको हुन्छ । पेशा आर्थिक पक्षसँग सम्बन्धित रहेको हुन्छ ।

यहाँ वैदेशिक रोजगारमा संलग्न परिवारको मूख्य पेशालाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४ वैदेशिक रोजगारमा संलग्न परिवारको मूख्य पेशातगत विवरण**

| पेशा | जातजाति | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | ब्राह्मण | गुरुङ | क्षेत्री | | |
| कृषि | २२ | ४ | १ | २७ | ५४ |
| व्यापार | ७ | २ | ३ | १२ | २४ |
| नोकरी | ४ | १ | १ | ६ | १२ |
| मजदूरी | ४ | - | १ | ५ | १० |
| **जम्मा:** | **३७** | **७** | **६** | **५०** | **१००** |

स्रोत: स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ४ मा वैदेशिक रोजगारमा संलग्न घरपरिवारको पेशागत विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न घरपरिवार ५० वटा रहेको छ, जसमा ब्राह्मण जातिबाट ३७ वटा परिवारका सदस्य रोजगारमा संलग्न भएको देखियो । ब्राह्मण जातिमा २२ वटा परिवारको मुख्य पेशा कृषि रहेको देखियो, जुन सवैभन्दा बढी देखियो भने केही मात्रामा अन्य पेशा गरेको देखियो ।

गुरुङ समुदायबाट वैदेशिक रोजागरमा संलग्न परिवार जम्मा ७ वटा रहेको छ, जसमा ४ वटा परिवारको मुख्य पेशा कृषि रहेको देखियो भने अन्यले व्यापार नोकरी तथा मजदूरी गर्ने गरेको बताए । क्षेत्री समुदायबाट रोजगारमा संलग्न घरपरिवार ६ वटा रहेको छ । जसमा ३ वटा परिवारको मुख्य पेशा व्यापार रहेको बताए भने अन्य परिवारले कृषि, नोकरी र मजदूरी गर्ने बताए ।

वैदेशिक रोजगारमा संलग्न घरपरिवारमध्ये धेरै परिवारको मुख्य पेशा कृषि रहेको बताए । सवै जातिको पेशा जे-जस्तो गरे तापनि आफ्नो गरि राखेको पेशाबाट भएको आम्दानी निकै कम भएको बताए । जसको कारण आफ्नो परिवारको पालन-पोषणमा समस्या भएको कारण आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएको बताए । वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा वृद्धि भएकोले केही परिवारले आफ्नो पहिलाको पेशामा परिवर्तन गरेको बताए भने केही परिवारले आफ्नो कृषि पेशा छोडेर व्यापार-व्यवसायमा लागेको बताए, जुन वैदेशिक रोजगारसँग प्रत्यक्ष सम्बन्ध रहेको देखियो ।

### ४.६ आम्दानी

आम्दानी भन्नाले कुनै पनि व्यक्ति वा परिवारले गरेको पेशाको आधारमा सङ्कलित नगद वा जिन्सीलाई बुझ्न सकिन्छ । जुन पेशासँग प्रत्यक्ष सम्बन्धित हुन्छ । किनकी कुनै परिवारको आम्दानीले उनीहरूको जीवन सन्चालित भएको हुन्छ, आफ्नो आम्दानीले परिवारको जीवन संचालन गर्न नसकेको अवस्थामा वैदेशिक रोजगार एउटा माध्यम बनेको छ । वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा अगाडि परिवारको आम्दानीको विवरणलाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५ वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि परिावरको आम्दानीको विवरण**

| वार्षिक आम्दानी | जातजाति | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | ब्राह्मण | गुरुङ | क्षेत्री | | |
| आम्दानी नहुने परिवार | २३ | २ | ३ | २८ | ५६ |
| २०,००० भन्दा कम आम्दानी हुने | ३ | १ | १ | ५ | १० |
| २०००० - ४०००० सम्म आम्दानी हुने | ७ | ३ | २ | १२ | २४ |
| ४१००० भन्दा बढी आम्दानी हुने | ४ | १ | - | ५ | १० |
| **जम्माः** | **३७** | **७** | **६** | **५०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ५ मा वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा अगाडिको परिवारको आम्दानीलाई विश्लेषण गरिएको छ । वैदेशिक रोजगारमा संलग्न ब्राह्मण परिवार ३७ घर

रहेको छ जसमा आम्दानी नहुने परिवार २३  घर रहेको छ, भने २०,००० देखि ४०,००० सम्म आम्दानी हुने परिवार ७ वटा रहेको छ । ब्राह्मण परिवारबाट आम्दानी केही नहुने परिवारबाट पनि हुने परिवारबाट पनि वैदेशिक रोजगारमा संलग्न भएको बताए । सवैभन्दा बढी आम्दानी केही नुहने परिवारले आम्दानी गर्नको लागि आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएको बताए ।

गुरुङ समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवारको संख्या ७ रहेको छ, जसमा वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा अगाडि आम्दानी केही नहुने परिवार २ वटा रहेको बताए भने २०,००० देखि ४०,००० सम्म आम्दानी हुने परिवार ३ वटा देखियो । गुरुङ समुदायमा आम्दानी हुने परिवार नै बढी भएको बताए ।

क्षेत्री समुदायमा वैदेशिक रोजगारमा संलग्न परिवारको संख्या ६ वटा रहेको छ, जसमा वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि आम्दानी नहुने परिवार नै बढी ३ वटा रहेको छ । आम्दानी केही नभएको कारण आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएको बताए ।

सहभागीहरुको भनाई अनुसार आम्दानी नहुने परिवारले आफ्नो घरको कृषि पेशाबाट उत्पादीत खाद्यन्नले परिवारको लागि मात्र पुग्ने भएकोले बचत केही नहुने बताए बचत नभए पछि उत्पादीत खाद्यान्न बेच्न नपुग्ने भएपछि नगद आउने खालको आम्दानीको श्रोत केही नभएको बताए अन्य पेशा जस्तो व्यापार, नोकरीबाट आउने नगदलाई मात्र आम्दानीको रुपमा हेरेको पाइयो ।

वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि आम्दानी नहुने परिवार बढी ब्राह्मणको देखियो । गुरुङ र क्षेत्री जातिहरू बढी मात्रामा भारतमा लाहुरे हुन जाने परम्पराको कारण पनि उनीहरूको आम्दानीको स्रोत भएको कारण वैदेशिक रोजगारमा कम जाने गरेको पाईयो, तर ब्राह्मण जाति लाहुरे हुने भन्दा पनि अध्ययन गर्न तर्फ लागेको बताए । आज-भोली देशमा योग्यता अनुसारको रोजगारको अभाव र केही रोजगार भएपनि आम्दानी कम भएको कारण शिक्षित युवाहरू पनि वैदेशिक रोजगारतर्फ आकर्षण भएको पाईयो ।

वैदेशिक रोजगारमा संलग्न भएपछाडि तुलनात्मक रूपमा सवै जातिको आम्दानीमा वृद्धि भएको बताए । जुन कुरा तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६ वैदेशिक रोजगारमा संलग्न भएपछाडि परिवारको आम्दानीमा भएको परिवर्तन सम्बन्धी विवरण**

| विवरण | जातजाति | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | ब्राह्मण | गुरुङ | क्षेत्री | | |
| आम्दानीमा वृद्धि भयो | २८ | ६ | ६ | ४० | ८० |
| आम्दानी उस्तै रह्यो | ९ | १ | - | १० | २० |
| **जम्माः** | **३७** | **७** | **६** | **५०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ६ अनुसार, वैदेशिक रोजगारमा संलग्न भएपछाडि परिवारको आम्दानीमा भएको परिवर्तन सम्बन्धी विवरणलाई विश्लेषण गरिएको छ । ब्राह्मण जातिबाट वैदेशिक रोजगारमा संलग्न परिवार ३७ वटा रहेको छ । जसमा वैदेशिक रोजगारमा संलग्न भए पछाडि आम्दानीमा वृद्धि भयो भन्ने परिवार २८ वटा देखियो ।

गुरुङ समुदायमा वैदेशिक रोजगारमा संलग्न परिवारको संख्या ७ वटा रहेको छ, जसमा वैदेशिक रोजगारमा संलग्न भए पछाडि आम्दानीमा वृद्धि भयो भन्ने परिवार ६ वटा देखियो । वैदेशिक रोजगारको कारण आम्दानीमा वृद्धि हुने परिवार क्षेत्री समुदायमा रोजगारमा संलग्न सवै ६ वटा परिवार नै रहेको देखियो । सवै परिवारले वैदेशिक रोजगारमा संलग्न भए पछाडि आम्दानीमा वृद्धि भएको बताए ।

वैदेशिक रोजगारमा संलग्न भएपछाडि धेरैजसो परिवारको आम्दानीमा वृद्धि भएको बताए , जुन परिवारको आर्थिक अवस्थासँग जोडिएको हुन्छ, आम्दानीमा वृद्धि हुनुमा रोजगारमा सहभागि सदस्यको सीप, रोजगारको लागि भएको देश तथा काम महत्वपूर्ण हुन्छ भने आम्दानी उस्तै रह्यो भन्ने परिवारको रोजगारमा संलग्न भएको सदस्यको सीप, गएको देश तथा काम राम्रो नभएकोले आम्दानीमा वृद्धि हुन सकेन भनेको पाईयो । आम्दानीमा वृद्धि भएपछाडि परिवारको आीर्थक अवस्थामा परिवर्तन भएको बताए ।

### ४.७ जमिनको प्रकार

जमिनलाई अचल सम्पत्तिको रूपमा लिइएको हुन्छ । जहाँ अन्न उत्पादन गरी आफ्नो जीवन संचालन गरेका हुन्छन्, तर अहिले आएर जमिनलाई खण्डिकरण गरी घर घडेरीमा विक्री गरिएको पाइन्छ । वैदेशिक रोजगारमा संलग्न परिवारको जमिन के कस्तो प्रकारको छ वा छैन यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ जमीनको प्रकार सम्बन्धी विवरण**

| जमीनको प्रकार | जातजाति | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | ब्राहृमण | गुरुङ | क्षेत्री | | |
| जमिन नहुने परिवार | १२ | १ | ३ | १६ | ३२ |
| बारी हुने परिवार | ४ | ४ | १ | ९ | १८ |
| खेत हुने परिवार | २१ | २ | २ | २५ | ५० |
| खरबारी हुने परिवार | - | - | - | - | - |
| **जम्माः** | **३७** | **७** | **६** | **५०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ७ मा वैदेशिक रोजगारमा संलग्न परिवारको जमिनको प्रकार के-कस्तो छ वा छैन भनी विश्लेषण गरिएको छ । ब्राह्मण जातिबाट वैदेशिक रोजगारमा संलग्न परिवार ३७ वटा रहेको छ, जसमा खेत हुने परिवार सवैभन्दा बढी २१ वटा रहेको छ भने सवैभन्दा कम ४ वटा परिवारको बारी रहेको बताए । जमिन नहुने परिवारले आफ्नो जीवन संचालनको लागि ज्याला, मजदुरी तथा अरुको जमिनमा खेती गरेको बताए । गुरुङ जातिमा वैदेशिक रोजगारमा संलग्न परिवारको संख्या ७ वटा रहेको छ, जसमा बारी हुने परिवार सवैभन्दा बढी ४ वटा रहेको बताए । रोजगारमा संलग्न परिवारको जमिन भए तापनि प्रायःजसो एक बाली मात्र लाग्ने र उत्पादन त्यति नहुने बताए । क्षेत्री जातिबाट रोजगारमा संलग्न परिवार ६ वटा रहेको छ, जसमा जमिन नहुने परिवार ३ वटा रहेको छ, खेत हुने परिवार २ वटा र बारी हुने परिवार एउटा रहेको छ । सवै जातिमा जग्गा जमिन हुने परिवार पनि नहुने परिवार पनि वैदेशिक रोजगारमा संलग्न भएको पाईयो ।

सवै जातिको खरवारी नभएको देखियो, किनकी पहिला खरवारी भएको जग्गामा अहिले बोट विरुवा लगाएको तथा सुन्तला खेतीको लागि प्रयोग गरेको बताए । पहिला घर छाँउनको लागि खरको प्रयोग गर्ने भएकोले खरवारी हुने गर्दथ्यो तर अहिले खरको सट्टामा जस्तापाता तथा सिमेन्टको प्रयोग गरेको पाईयो र केहीले खरवारीलाई वारीको रुपमा प्रयोग गरेको बताए ।

वैदेशिक रोजगारमा संलग्न परिवारको बढी मात्रामा खेत भएको बताए, तर खेतमा सिंचाई सुविधा नहुनु साथै आकाशे पानीको भर पर्नु पर्ने अवस्था र आवश्यक मात्रामा मल, विऊको अभाव भएको बताए । पहाडको पाखो भिरालो बारीमा उत्पादन नहुने सहभागीहरले बताए । परम्परागत कृषि पेशाले पारिवारिक जीवन चलाउन नसकेको कारण जमिन हुने परिवारबाट र जमिन नहुने परिवारबाट पनि रोजगारमा संलग्न भएको बताए । जुन प्रत्यक्ष

रूपमा आर्थिक अवस्थासँग जोडिएको हुन्छ । आफ्नो परिवारको आीर्थक स्थितिमा सुधार गर्नको लागि वैदेशिक रोजगारलाई वैकल्पिक पेशाको रूपमा अपनाएको बताए ।

यसै सन्दर्भमा अध्ययन क्षेत्रका घरपरिवारहरूको जमिन के-कति रहेको छ भन्ने कुरालाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८ वैदेशिक रोजगारमा संलग्न परिवारको जमिनको विवरण**

| जमिन | जातजाति | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | ब्राह्मण | गुरुङ | क्षेत्री | | |
| १ कट्ठा देखि ९ कट्ठासम्म | १७ | ५ | ३ | २५ | ५० |
| १० कट्ठा देखि १९ कट्ठासम्म | ७ | १ | १ | ९ | १८ |
| २० कट्ठा भन्दा माथि हुने | १ | - | २ | ३ | ६ |
| जमिन नहुने परिवार | १२ | १ | - | १३ | २६ |
| **जम्माः** | **३७** | **७** | **६** | **५०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ८ अनुसार, वैदेशिक रोजगारमा संलग्न परिवारको जमिन के-कति मात्रामा छ वा छैन भन्ने विवरणलाई विश्लेषण गरिएको छ ।

वैदेशिक रोजगारमा संलग्न ५० वटा घरपरिवारलाई लिइएको छ, जसमा ब्राह्मण समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवार ३७ वटा रहेका छन्, जसमध्ये १ कठ्टा देखि ९ कठ्टा सम्म जमिन हुने परिवार सबै भन्दा बढी अर्थात १७ वटा देखियो, भने २० कठ्टा भन्दा बढी जमिन हुने परिवार जम्मा एउटा अथवा सबैभन्दा कम रहेको देखियो ।

गुरुङ समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवार ७ वटा रहेको रहेको छ । जसमध्ये १ कठ्टा देखि ९ कठ्ट सम्म जमिन हुने परिवार सबैभन्दा बढी अर्थात ५ वटा भएको देखियो । जसमा जमिन हुने परिवारबाट पनि नहुने परिवारबाट पनि रोजगारमा संलग्न भएको देखियो ।

क्षेत्री समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवार ६ वटा रहेको छ । जसमध्ये १ कठ्टा देखि ९ कठ्टा सम्म जमिन हुने परिवार सबै भन्दा बढी अर्थात ३ वटा रहेको देखियो । जसमा सबै परिवारको जमिन भएता पनि रोजगारमा संलग्न भएको देखियो ।

वैदेशिक रोजगारमा संलग्न सबै परिवारको १ कठ्टा देखि ९ कठ्टा सम्म जमिन हुने सबै भन्दा बढी रहेता पनि सबै समुदायबाट रोजगारमा संलग्न भएको पाईयो । जमिन हुने, नहुने सवै परिवारबाट रोजगारमा संलग्न भएको पाईयो । जमिन कम हुने परिवारको सहभागिको भनाई अनुसार आफ्नो भएको जमिनको उत्पादनले वर्षभरी राम्ररी खान

नपुगेको कारण वैकल्पिक पेशाको रूपमा आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएको बताए भने जमिन नहुने परिवारको आफ्नो जीवन संचालनको लागि वर्षैभरी ज्याला-मजदूरी गर्नुपर्ने वाध्यता, साथै भएको आम्दानीबाट परिवार चलाउन मुश्किल भएको कारणले गर्दा आम्दानी बढी गरी आफ्नो परिवारको आर्थिक स्थितिमा सुधार गर्नको लागि आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए ।

यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न घरपरिवारले जमिनको उपयोग कसरी गरेका छन् भनी प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ जमिनको उपयोग सम्बन्धी विवरण**

| जमिनको उपयोग | जातजाति | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | ब्राह्मण | गुरुङ | क्षेत्री | | |
| ज्याला मजदूरी गर्ने परिवार | ७ | १ | ३ | ११ | २२ |
| अरुको जग्गा अधियाँमा कमाउने | ३ | - | - | ३ | ६ |
| जमिन ठेक्कामा लिने | २ | - | - | २ | ४ |
| आफ्नै जग्गा हुने परिवार | २५ | ६ | ३ | ३४ | ६८ |
| **जम्माः** | **३७** | **७** | **६** | **५०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ९ अनुसार वैदेशिक रोजगारमा संलग्न परिवारले जमिनको उपयोग कसरी गरेका छन् भनी विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न परिवार ५० वटा रहेको छ । जसमध्ये ब्राह्मण जातिबाट वैदेशिक रोजगारमा संलग्न परिवार ३७ वटा रहेको छ । जसमा आफ्नै जमिन हुने परिवार २५ वटा र ज्याला मजदूरी गर्ने परिवार ७ वटा देखियो, सवैभन्दा कम २ वटा परिवारले जमिन ठेक्कामा लिएर काम गर्ने बताए । गुरुङ समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवार ७ वटा रहेको छ, जसमा आफ्नै जग्गा हुने परिवार ६ वटा र ज्याला मजदूरी गर्ने परिवार एउटा देखियो । क्षेत्री समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवार ६ वटा रहेको छ, जसमा ज्याला मजदूरी गर्ने परिवार ३ वटा र आफ्नै जग्गा हुने परिवार ३ वटा रहेको छ । वैदेशिक रोजगारमा संलग्न परिवार मध्ये धेरैजसो परिवारको आफ्नै जग्गा जमिन भए तापनि सवैजसो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएको देखियो ।

अध्ययन क्षेत्रका सहभागिहरूको भनाई अनुसार आफ्नै जग्गा जमिन हुने परिवार बढी भएको बताए र केही मात्रामा ज्याला मजदूरी गर्ने, जमिन ठेक्कामा लिएर आफ्नो

परिवारको जीवन संचालन गरेको भए तापनि, वर्षभरी खान नपुग्ने अवस्था हुनुको साथै उत्पादन त्यति नहुने, खर्च बढी मात्रामा लाग्ने भएको कारण आफ्नो घरपरिवारको जीवन सहज रूपमा चलाउन नसकेको अवस्थामा आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएको बताए ।

**४.८ पशुपंक्षी सम्बन्धमा**

सामान्य अर्थमा पशुपालन कृषि क्षेत्रसँग सम्बन्धित रहेको हुन्छ । कृषि कार्यमा मलको आवश्यकता पर्ने भएकोले पशुपालन गरेको पाईन्छ साथै पशुपंक्षीलाई बेचेर आम्दानी गर्न सकिने भएकोले पनि पशुपालनलाई आर्थिक पक्षसँग जोडेर हेर्ने गरिन्छ भने पशुपालनलाई सामाजिक, सांस्कृतिक मूल्य-मान्यतासँग जोडेर हेर्ने पनि गरिन्छ ।

यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न परिवारको अवलोकन गर्दा पशुपंक्षी पाल्ने परिवार बढी देखियो । वैदेशिक रोजगारमा संलग्न ५० परिवार मध्ये, ब्राह्मण जातिबाट ३७ वटा परिवार रहेका छन्, जसमा गाई भैंसी र भेडाबाखा पाल्ने परिवार ३१ वटा रहेको पाईयो भने बाँकी ६ वटा परिवार व्यापार-व्यवसायमा लागेको कारण पशुपंक्षी नपालेको बताए । गाई भैंसी विशेषगरी दुध र मलको लागि पाल्ने गरेको बताए भने हाँस कुखुरा, सुँगुर जस्ता पशुपंक्षीलाई सांस्कृतिक मूल्य-मान्यताको कारण ब्राह्मण जातिले पाल्न हुँदैन भन्ने विश्वासको कारण नपालेको बताए । गुरुङ्ग जातिमा वैदेशिक रोजगारमा संलग्न परिवार ७ वटा रहेको छ । जसमा सवै परिवारले गाई भेंसी, भेडाबाखा र कुखुरा पालेको देखियो । गाईभेंसीलाई मल र दुधको लागि तथा कुखुरालाई मासुको रूपमा प्रयोग गर्न साथै केही मात्रामा बेचेर आम्दानी गर्नको लागि पालेको बताए । क्षेत्री जातिमा वैदेशिक रोजगारमा संलग्न परिवार ६ वटा रहेको छ । जसमध्ये ४ वटा परिवारले भेडाबाखा  र गाई भैंसी पालेको देखियो भने २ वटा परिवार व्यापार व्यवसायमा लागेकोले पशुपंक्षी नपालेको बताए । यसरी सामाजिक, सांस्कृतिक मूल्य-मान्यता र विश्वासको कारणले पनि पशुपालनमा प्रभाव पारेको देखिन्छ । (मोल्नार, १९८१) ।

वैदेशिक रोजगारसँग पशुपालनको कुनै सम्बन्ध नभए पनि वैदेशिक रोजगारमा संलग्न धेरैजसो परिवारले पशुपालन गरेको देखियो ।

## ४.९ वैदेशिक रोजगारमा जानुपर्ने कारण सम्बन्धमा

नेपालमा भएको बेरोजगारी समस्याको कारण रोजगारको खोजीमा बाहिर जाने क्रम बढ्दो रहेको छ । जसले गर्दा काम गर्न सक्ने उमेर समूहका युवा जनशक्ति विदेशिने क्रम बढिरहेको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न घरपरिवारको भनाई अनुसार के कारणले गर्दा वैदेशिक रोजगारमा संलग्न हुनु परेको हो भन्ने कुरालाई तालिका नं. १० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १० वैदेशिक रोजगारमा संलग्न हुनुपर्ने कारण सम्बन्धमा**

| विवरण | जातजाति | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | ब्राह्मण | गुरुङ | क्षेत्री | | |
| गरिबीको कारण | १५ | ३ | ४ | २२ | ४४ |
| आर्थिक स्थितिमा सुधार गर्न | ७ | - | - | ७ | १४ |
| आम्दानीमा वृद्धि गर्न | १३ | ३ | १ | १७ | ३४ |
| गाउँ-घरका सवै गएको देखेर | २ | १ | १ | ४ | ८ |
| **जम्माः** | **३७** | **७** | **६** | **५०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १० अनुसार, वैदेशिक रोजगारमा संलग्न परिवारसँग वैदेशिक रोजगारमा जानु पर्ने मुख्य कारण के हो भन्ने सम्बन्धमा विश्लेषण गरिएको छ । जसमा वैदेशिक रोजगारमा संलग्न ५० घरपरिवारलाई लिइएको छ । जसमा ब्राह्मण समुदायबाट वैदेशिक रोजगारमा संलग्न ३७ वटा परिवार रहेको देखियो, जसमा गरिबीको कारणले गर्दा रोजगारमा संलग्न हुनु परेको भन्ने परिवार १५ वटा अथवा सवैभन्दा बढी रहेको देखियो भने सवैभन्दा कम गाउँमा अरु गएको देखेर भन्ने २ वटा परिवार देखियो । त्यस्तै गरी गुरुङ समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवार ७ वटा रहेको छ । जसमा गरिवीको कारण र आम्दानीमा वृद्धि बढी गर्नको वैदेशिक रोजगारमा संलग्न हुनेको संख्या बढी देखियो भने त्यस्तै गरी क्षेत्री समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवार ६ वटा रहेको छ, जसमा गरिबीको कारणले गर्दा वैदेशिक रोजगारमा संलग्न हुनु परेको भन्ने ४ वटा परिवार रहेको देखियो ।

आफ्नो क्षेत्रमा रोजगारको अवसर पाएका युवाहरू पनि त्यस रोजगारको आम्दानी थोरै भएकोले अथवा आर्थिक स्थितिमा सुधार नभएकोले आम्दानी बढी गर्नको लागि आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए ।

# अध्याय - पाँच

# वैदेशिक रोजगार, र यसको आर्थिक, सामाजिक, र साँस्कृतिक प्रभाव

यस अध्यायमा वैदेशिक रोजगार, र यसको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभावको बारेमा विश्लेषण गर्नको लागि विभिन्न शीर्षकमा तालिकाबाट विश्लेषण गरी वैदेशिक रोजगारमा संलग्न व्यक्तिका व्यक्तिगत भोगाईका अनुभव, रोजगारबाट फर्किएर आएका व्यक्तिहरूको अनुभव, अन्तरवार्ता, वैयक्तिक अध्ययन, तथा समूह छलफल विधिबाट प्रष्ट्याउने कोशिष गरिएको छ ।

## ५.१ वैदेशिक रोजगारको इतिहास

नेपालमा वैदेशिक रोजगारमा जाने प्रचलन धेरै अगाडिबाट सुरु भए पनि सन् १९५० पछि नेपालीहरू कामको शिलसिलामा वैदेशिक रोजगारमा संलग्न हुन थालेको देखिन्छ (दाहाल, २०५५: १८) । अध्ययन क्षेत्रका व्यक्तिहरू धेरै अगाडि देखि नै कामको सिलसिलामा भारतका विभिन्न ठाउँमा गएको भए तापनि यस अध्ययनमा भारत बाहेक अन्य मुलुकहरूमा रोजगारीको लागि गएका व्यक्तिहरूलाई मात्र संलग्न गराएकोले वैदेशिक रोजगारमा जाने चलन निकै पछिबाट भएको पाइन्छ । सर्वप्रथम यस क्षेत्रबाट वि.सं. २०४२ सालमा ब्राह्मण परिवारका एकजना व्यक्ति वैदेशिक रोजगारीको लागि दुबई गएका थिए । उनी वैदेशिक रोजगारमा गएपछि उनको घर परिवारको आर्थिक अवस्थामा धेरै सुधार आएपछि अन्य व्यक्तिहरू पनि वैदेशिक रोजगारप्रति आकर्षण हुन थालेको कुरा उत्तरदाताले बताए । यसपछि वैदेशिक रोजगारको लागि अन्य देशमा जाने क्रम बढेको बताए । खाडी मुलुकहरूमा जानको लागि रु.५०,००० देखि १,५०,००० सम्म लागत लगाएर विभिन्न मेनपावर तथा दलाल मार्फत् युवाहरू विदेश पुग्न थाले । पछिल्लो समयमा दक्षिण कोरिया, अमेरिका, अष्ट्रेलिया जस्ता मुलुकहरूमा जाने क्रम बढेको छ । यसरी वैदेशिक रोजगारमा जानेको संख्या वृद्धि हुनुको मुख्य कारण देशमा भएको राजनैतिक अस्थिरता, बेरोजगार जस्ता समस्याले सृजना गरेको सामाजिक असहजताको कारण वि.सं. २०५६ देखि वि.सं. २०६५/०६६ सम्म यस क्षेत्रबाट खाडी मुलुकहरूमा जाने युवाहरूको संख्या वृद्धि भएको देखिन्छ ।

## ५.२ वैदेशिक रोजगारको प्रक्रिया

हरेक समाज मानविय सम्बन्ध, अर्थतन्त्र, संस्कार र त्यसबाट निर्मित संस्कृतिको अन्तर सम्बन्धबाट समाज निर्देशित भएको हुन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारको प्रक्रियाको बारेमा अध्ययन गर्दा कुनै पनि व्यक्ति एकैचोटि रोजगारमा संलग्न नभई विभिन्न किसिमको सञ्जालबाट प्रक्रिया अगाडि बढाएको पाईन्छ । यसमा आफ्नो समाजका व्यक्तिहरू कसरी वा कुन प्रक्रियाबाट वैदेशिक रोजगारमा संलग्न हुने गर्दछन्, त्यसै कुराले पनि वैदेशिक रोजगारीको प्रक्रियामा प्रभाव पारेको हुन्छ (के.सी., २०६६ : ६८) ।

वैदेशिक रोजगारीको लागि सर्वप्रथम राहदानी नभई नहुने कुरा हो । वैदेशिक रोजगारको लागि राहदानी बनाई सकेपछि व्यक्ति कुनै पनि रोजगार एजेन्सीमा पुग्ने गर्दछ । यसरी रोजगारको लागि भिसा प्रक्रिया अगाडि बढाएको पाइन्छ । वैदेशिक रोजगार एजेन्सीले जुन देशमा आफ्नो कामदार पठाउने हो त्यस कम्पनीबाट आएको मागको आधारमा प्रक्रिया अनुसार वैदेशिक रोजगारमा संलग्न गराउनु पर्ने हुन्छ । नेपालबाट श्रमिकहरू गन्तव्य देशमा जानु अघि दुवै पक्ष (रोजगारदाता र श्रमिक) बीच सहमति पत्रमा हस्ताक्षर गरिएको पाइन्छ । यसपछि सम्बन्धित श्रमिक वा कामदारलाई सवै पक्षको बारेमा काम, तलव, सुविधा, सुरक्षा आदिको बारेमा स्पष्ट पार्नु पर्ने हुन्छ । कानूनत यसरी वैदेशिक रोजगारमा पठाउने संस्थाले पूर्व स्वीकृति र अन्तिम स्वीकृति नेपाल सरकारबाट लिएर भिषा निष्कासन गर्ने र सम्बन्धित देशमा पठाउने गर्दछ (दाहाल, २०६६ : ८७) तर व्यवहारमा त्यति लागु हुन सकेको छैन ।

माथि उल्लेख गरिएको प्रक्रिया के-कति रूपमा पूरा गरी वा नगरी कुन प्रक्रियाबाट अध्ययन क्षेत्रका सहभागीहरू वैदेशिक रोजगारमा संलग्न भएका छन् भन्ने कुरालाई उनीहरूसँगको छलफलको आधारमा उल्लेख गरिएको छ ।


यस अध्ययन क्षेत्र अन्तरगत सहभागीहरू वैदेशिक रोजगारमा संलग्न भएका छन् भन्ने कुरालाई उनीहरूसँगको छलफलको आधारमा यहाँ उल्लेख गरिएको छ ।

अध्ययन क्षेत्रका सहभागीहरू स्थानीय चिनजानको व्यक्ति, आफन्त, स्थानीय स्तरको एजेन्ट मार्फत् केन्द्रिय मेनपावरमा सम्पर्क राखी रोजगारमा संलग्न भएको पाईयो । केन्द्रिय मेनपावरमा सम्पर्क राखी आफ्नो राहदानी बुझाएर फर्कने गरेको पाईयो । यसरी


आफ्नो राहदानी सहित अन्य आवश्यक कागतपत्र मेनपावरमा बुझाई भिषा आउने आशामा बसी भिषा आएपछि रोजगारमा जानको लागि काठमाडौं आउने गरेको पाईयो । तर केही सहभागीहरू प्रत्यक्ष रूपमा राष्ट्रिय पत्र-पत्रिकामा दिइएको सूचनाको आधारमा सम्बन्धित मेनपावरको केन्द्रिय कार्यालयमा सम्पर्क राखी वैदेशिक रोजगारमा संलग्न भएको पाईयो ।

माथि उल्लेख गरिएको दुईवटा प्रकृतिका सहभागि मध्ये पहिलो प्रकृतिका सहभागीहरू लामो सञ्जालबाट रोजगारमा संलग्न भएको र खर्च पनि बढी लागेको बताए भने दोस्रो प्रकृतिका सहभागीहरूले आफैंले बुझेर रोजगारमा संलग्न भएकोले खर्च पनि कम लागेको भने पनि तलव सुविधा र काम पाएको कुरा बताए । रोजगारमा संलग्न भएको प्रक्रियालाई यसरी देखाउने प्रयास गरिएको छ ।

**पहिलो प्रकृतिका सहभागी**




**दोस्रो प्रकृतिका सहभागी**




## ५.३ वैदेशिक रोजगारमा संलग्नहरूको सामाजिक अवस्था

समाजमा व्यक्ति तथा परिवारको आ-आफ्नै भूमिका रहेको हुन्छ, जसले समाजलाई निरन्तर अगाडि बढाउन महत्वपूर्ण भूमिका रहेको हुन्छ । जसलाई व्यक्तिको उमेर, लिङ्ग, जात, धर्म, शिक्षा आदिले निर्धारण गरेको हुन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको सामाजिक अवस्थाको बारेमा जानकारी दिन विभिन्न उपशीर्षकहरूमा तालिका बनार्य व्याख्या र विश्लेषण गरिएको छ ।

### ५.३.१ उमेर

उमेरलाई विभिन्न समूहमा विभाजन गरी अध्ययन गरिएको छ । व्यक्तिहरूले आफ्नो जीवनकालमा विभिन्न उमेर समूह पार गरी अगाडि बढेका हुन्छन् । यसे सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको उमेरलाई सक्रिय जनशक्ति भनेर बुझिन्छ ।

यसै सन्दर्भमा वैदेशिक रोजगारबाट फकिएका व्यक्तिहरूको उमेरगत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको उमेरगत विवरण**

| उमेर समूह | जातजाति | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | ब्राह्मण | क्षेत्री | | |
| ० - २० वर्ष भन्दा कम | - | - | - | - |
| २० - ३० वर्ष सम्म | ८ | ४ | १२ | ६० |
| ३० - ४० वर्ष सम्म | ६ | १ | ७ | ३५ |
| ४० वर्ष भन्दा माथि | १ | - | १ | ५ |
| **जम्मा:** | **१५** | **५** | **२०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं.११ अनुसार, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको उमेरगत विवरण विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरू २० जना रहेको पाईयो । जसमा ब्राह्मण समुदायका १५ जना रहेको देखियो । जसमा २०-३० उमेर समुहका सवैभन्दा बढी ८ जना संलग्न भएको पाईयो भने ३०-४० उमेर समूहका ३ जना र सवैभन्दा कम ४० वर्ष भन्दा मीथको एकजना भएको पाईयो । त्यस्तै गरी क्षेत्री समूदायबाट वैदेशिक रोजगारमा संलग्न भई फर्किएर आएको ३ जना रहेको देखियो । जसमा २०-३० उमेर समूहका ४ जना सवैभन्दा बढी भएको पाईयो भने ३०-४० उमेर समूहका एकजना मात्र भएको पाईयो । वैदेशिक रोजगारमा जस्तोसुकै काम पनि गर्न सक्ने कादारको माग बढी हुने भएकोले २०-३० उमेर समूहका बढी मात्रामा रोजगारमा संलग्न हुने गरेको बताए ।

वैदेशिक रोजगारमा सक्रिय युवा जनशक्ति नै बढी मात्रामा संलग्न भएको पाईयो । सहभागीहरूको भनाई अनुसार स्वदेशमा रोजगारको अवस्था सिर्जना हुन नसक्दा वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए । उनीहरूलाई किन रोजगारबाट फर्किनु भयो भन्ने प्रश्नमा सहभागी मध्ये धेरैले भने जति तलव सुविधा र राम्रो काम नपाएकोले फर्किएर आएको बताए ।

### ५.३.२ शिक्षा

शिक्षा मानव समाजको आधारभूत तत्व हो । समाज निर्माणको क्रममा शैक्षिक जनशक्तिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । देशमा आफ्नो योग्यता अनुसारको रोजगारी नपाउँदा शैक्षिक जनशक्ति वैदेशिक रोजगारतर्फ आकर्षित हुने क्रम बढेको छ । जसको कारण देश तथा समाजको विकास निर्माणमा प्रभाव परेको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको शैक्षिक विवरणलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको शैक्षिक विवरण**

| शैक्षिक विवरण | जातजाति | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | ब्राह्मण | क्षेत्री | | |
| दश कक्षा भन्दा कम | ७ | ३ | १० | ५० |
| एस.एल.सी. वा सो सरह | २ | - | २ | १० |
| आई.ए.. वा सो भन्दा माथि | ६ | २ | ८ | ४० |
| **जम्माः** | **१५** | **५** | **२०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १२ अनुसार, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको शैक्षिक विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरू २० जना रहेको पाईयो । जसमा ब्राह्मण समुदायबाट १५ जना रहेका छन् । जसमध्ये दश कक्षा भन्दा कम शैक्षिक योग्यता भएका सवैभन्दा बढी ७ जना रहेको पाईयो । त्यसैगरी एस.एल.सी. वा सो सरह शैक्षिक भएका सवैभन्दा कम २ जना रहेको पाईयो । त्यस्तै गरी क्षेत्री समुदायबाट वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरू ५ जना रहेका छन् । जसमा दश कक्षा भन्दा कम शैक्षिक योग्यता भएका ३ जना र आई.ए. वा सो भन्दा

माथि शैक्षिक योग्यता भएका २ जना भएको पाईयो । शैक्षिक योग्यता कम भएका नै बढी मात्रामा खाडी मुलुकमा रोजगारको लागि जाने गरेको पाईयो भने शैक्षिक योग्यता बढी भएका व्यक्तिहरू पनि रोजगारमा संलग्न भएको पाईयो । शैक्षिक योग्यता बढी भएका प्राय: जसो दक्षिण कोरिया, यूरोपियन मुलुकमा गएको पाईयो ।

वैदेशिक रोजगारमा संलग्न घरपरिवारको बाल बच्चाको शैक्षिक अवस्थालाई हेर्दा वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि सरकारी स्कूलमा अध्ययन गराएको पाईयो । निजी स्कुलको चर्को शुल्कको कारण आफ्नो आम्दानीले नपुगेको कारण निजी स्कूलमा बालबच्चा पढाउन नसकेको बताए भने वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा सुधार आएकोले तुलनातमक रूपमा सवैजसो घर परिावरका बाल-बच्चालाई निजी स्कूलमा पढाउन शुरु गरेको बताए ।

वैदेशिक रोजगारबाट फर्किएको सदस्यको भनाई अनुसार सवै संलग्न सदस्यहरू सरकारी स्कूलमा पढेको कारणले गर्दा उनीहरूको पढाइको स्तर त्यति राम्रो नभएकोले विशेष गरी अंग्रेजी भाषाको राम्रो ज्ञान नभएकोले उनीहरूलाई विदेशमा भाषागत समस्याको कारण काममा पनि समस्या परेको बताए, जसको कारणले गर्दा आफ्नो बालबच्चालाई निजी स्कूलमा पढाउँदा पढाइको स्तरमा सुधार भएपछि आफुहरूलाई जस्तो समस्या नपरोस् भनेर जसरी भएपनि निजी स्कूलमा पढाउन थालेको सहभागीहरूले बताए । यसरी वैदेशिक रोजगारमा संलग्न घरपरिवारको आम्दानी धेरै हुनेले पनि थोरै आम्दानी हुनेले पनि आफ्नो बालबच्चालाई निजी स्कूलमा पढाउन थालेको बताए । यसरी वैदेशिक रोजगारको सम्बन्ध शिक्षासँग रहेको देखियो ।

### ५.४ आर्थिक विवरण

रोजगार र अर्थतन्त्रको सम्बन्ध रहेको हुन्छ, अर्थतन्त्रमा सुधार भएपछि आर्थिक अवस्थामा पनि सुधार भएको हुन्छ । सहभागीहरूमध्ये उनीहरूको आर्थिक अवस्थाको बारेमा व्याख्या गरी तालिका बनाई विश्लेषण गरिएको छ ।

#### ५.४.१ पूर्व पेशा

पेशा भन्नाले कुनै पनि व्यक्तिले आफ्नो जीवन यापन् गर्नको लागि अपनाइने कार्य हो । जुन व्यक्ति स्वयंम उसको र उसको पारिवारिक जीवनसँग सम्बन्धित भएको हुन्छ ।

पेशाको सम्बन्ध प्रत्यक्ष रूपमा अर्थतन्त्रसँग जोडिएको हुन्छ । यसै सन्दर्भमा यहाँ वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडिको पेशालाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३ वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडिको पेशागत विवरण**

| **पूर्व पेशा** | **जातजाति** | | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|
| | **ब्राह्मण** | **क्षेत्री** | | |
| व्यापार | १ | - | १ | ५ |
| नोकरी | ५ | १ | ६ | ३० |
| अध्ययन | ४ | २ | ६ | ३० |
| बेरोजगार | ३ | - | ३ | १५ |
| कृषि | २ | २ | ४ | २० |
| **जम्माः** | **१५** | **५** | **२०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १३ अनुसार, वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडिको पेशागत विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका २० जना सहभागीलाई लिइएको छ । जसमा ब्राह्मण समुदायबाट १५ जना रहेका छन् । जसमध्ये सवैभन्दा बढी नोकरी गर्दै गरेका ५ जना र सवैभन्दा कम व्यापार गरेका एकजना वैदेशिक रोजगारमा संलग्न भएको पाईयो । क्षेत्री समुदायबाट वैदेशिक रोजगारबाट फर्किएका ५ जना रहेका छन् । जसमध्ये नोकरी गर्ने एकजना, कृषि पेशा गर्ने २ जना र अध्ययन गर्दै गरेका २ जना संलग्न भएको पाईयो ।

सहभागी मध्ये धेरैको पेशा नोकरी र अध्ययन गर्दै भए तापनि त्यस नोकरीबाट प्राप्त आम्दानीले आफ्नो परिवारको पालन-पोषण गर्न कठिनाई भएकोले वैदेशिक रोजगारमा संलग्न भएको बताए । साथै अध्ययन गर्दै गरेका, बेरोजगार, साथै कृषि पेशामा लागेकाहरू पनि आम्दानी बढी गर्नको लागि वैदेशिक रोजगारमा संलग्न भएको बताए । वैदेशिक रोजगारमा संलग्न भए तापनि आम्दानीमा खासै सुधार नभएकोले सहभागीहरू फर्किएको बताए ।

### ५.४.२ हालको पेशा

वैदेशिक रोजगारमा संलग्न भएर फर्केर आई सकेपछि सहभागीहरूले के-कस्तो पेशा अँगालेका छन् भनी यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ वैदेशिक रोजगारबाट फर्किएपछिको पेशागत विवरण**

| **हालको पेशा** | **जातजाति** | | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|
| | **ब्राहृमण** | **क्षेत्री** | | |
| व्यापार | ४ | १ | ५ | २५ |
| नोकरी | - | - | - | |
| अध्ययन | - | - | - | - |
| बेरोजगार | ८ | ४ | १२ | ६० |
| कृषि | ३ | - | ३ | १५ |
| **जम्माः** | **१५** | **५** | **२०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १४ अनुसार वैदेशिक रोजगारबाट फर्किएपछिको पेशागत विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका २० जना सहभागीलाई लिइएको छ । जसमा ब्राह्मण समुदायबाट १५ जना रहेका छन् जसमध्ये सवैभन्दा बढी विदेशबाट फर्किएपछि ८ जना बेरोजगार रहेको पाईयो भने ३ जनाले पुनः कृषि पेशा गर्न शुरु गरेको बताए । क्षेत्री समुदायबाट वैदेशिक रोजगारबाट फर्किएका ५ जना रहेको देखियो । जसमध्ये वैदेशिक रोजगारबाट नेपालमा फर्किएपछि ४ जना बेरोजगार रहेको बताए भने एक जनाले व्यापार गर्न थालेको बताए ।

वैदेशिक रोजगारबाट फर्किएपछि सहभागीहरू मध्ये धेरैजसो वेरोजगार रहेको बताए, केहीले वैदेशिक रोजगारबाट कमाएर ल्याएको रकमले व्यवसाय गर्न थालेको बताए । यसरी सहभागीहरूको भनाई अनुसार आफ्नो देशमा रोजगारको अवस्था सिर्जना हुन सके रोजगारमा नजाने बताए भने । केही बेरोजगारहरूले राम्रो ठाउँ पाए फेरी रोजगारमा जाने विचारले केही समय बेरोजगार बसेको बताए । यसरी वैदेशिक रोजगारबाट फर्किएपछि उनीहरूको पेशामा पनि फरक परेको देखियो ।

### ५.४.३ आर्जित रकमको उपयोग

वैदेशिक रोजगारबाट आर्जन गरेको रकमको के-कसरी सदुपयोग गरेका छन् अथवा त्यस रकमलाई कस्तो काममा खर्च गरेका छन् त भनी रोजगारबाट फर्केर आएका सहभागीहरूको भनाईको आधारमा यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५ वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोग सम्बन्धी विवरण**

| **रकमको उपयोग** | **जातजाति** | | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|
| | **ब्राह्मण** | **क्षेत्री** | | |
| जग्गा किन्ने | ५ | १ | ६ | ३० |
| घर बनाउँने | २ | १ | ३ | १५ |
| ऋण तिर्ने | ४ | ३ | १० | ५० |
| अन्य | १ | - | १ | ५ |
| **जम्माः** | **१५** | **५** | **२०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १५ अनुसार वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोग के-कसरी गरेका छन् भनी विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारबाट फर्किएका २० जना सहभागीलाई लिइएको छ । जसमा ब्राह्मण समुदायबाट १५ जना रहेका छन् । उनीहरू मध्ये सवभन्दा बढी ७ जनाले वैदेशिक रोजगारबाट कमाएको रकमले रोजगारमा जाँदा लागेको ऋण तिरेको बताए भने १ जनाले मात्र अन्य मनोरञ्जन तथा शिक्षामा खर्च गरेको बताए । त्यस्तै गरी क्षेत्री समुदायबाट वैदेशिक रोजगारबाट फर्केका ५ जना रहेका छन्, उनीहरूमध्ये ३ जनाले वैदेशिक रोजगारमा जाँदा लागेको ऋण तिरेको बताए भने अन्य दुई जनाले घर बनाएको र जग्गा किनेको बताए ।

वैदेशिक रोजगारबाट आर्जित रकमले सहभागीमध्ये धेरैले रोजगारमा जाँदा लागेको ऋण तिरको बताए । केहीले अन्य काममा रकम खर्च गरको देखियो जसले गर्दा केही हदसम्म उनीहरूका आर्थिक अवस्थामा सुधार आएको देखियो । समग्रमा सहभागीहरूको भनाइको आधारमा वैदेशिक रोजगारको कारणले उनीहरूको आर्थिक अवस्थामा सुधार आई सकारात्मक प्रभाव पारेको देखिन्छ ।

वैदेशिक रोजगारमा संलग्न व्यक्तिको आर्थिक अवस्थामा सकारात्मक प्रभाव पारेको बताए भने केहीले खासै प्रभाव नपारको बताए । जुन कुरालाई पुष्टी गर्नको लागि सहभागी मध्ये एक जनाको घटनालाई वैयक्तिक अध्ययनको रूपमा प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रमा बस्दै आएका २८ वर्षिया क्षेत्री परिवारका सहभागीले आफू र आफ्नो परिवारको जिविका चलाउनको लागि गाउँघरको साथीको सहयोगमा वैदेशिक रोजगारमा जाने निर्णय गरेको बताए । सुरुमा घरमा कमाई नभएर आर्थिक अवस्था कमजोर भएको बताए, जसले गर्दा सानोतिनो समस्यामा पनि छर छिमेकी सँगै ऋण लिनु पर्ने स्थिति थियो । गाउँघरका सवै वैदेशिक रोजगारमा गएको देखेपछि उनी पनि परिवारको सल्लाह लिएर आफ्नो भएको जग्गालाई धितो राखी १५०,००० रकम निकाली दुबई गएको बताए, त्यहाँ पुगेर उनले शुरुका केही महिना फार्म हाउसमा काम गरेको बताए पछि उनलाई मालिकले फार्म हाउसको गाडि चलाउन दिएको बताए । यसरी करिव एक वर्ष जति गाडि चलाउँदा उनले मासिक रु.४०,००० कमाउने गरेको बताए । उनी चार वर्ष दुवई बसेर नेपालमा फर्किएको बताए । वैदेशिक रोजगारबाट कमाएको रकमले जग्गा किनेको, ऋण तिरेको बताए र पुनः विदेश फर्किएको कुरा बताउँछन् र करिव उनी ३ तिन वर्ष काम गरेर अहिले नेपालमा रहेको देखियो ।

अहिले आएर उनले अध्ययन क्षेत्रको मुख्य बजारमा पक्की २ तले घर बनाएका छन् । त्यहीँ आफ्नो घरमा सानो व्यापार सुरु गरेको बताए जसको कारण उनको परिवारमा सुधार आएको बताए । त्यसका साथै वैदेशिक रोजगारमा जानु भन्दा अगाडि अरुसँग ऋण सापट माग्नु पर्ने स्थिति थियो । अहिले उनले नै अरुलाई सापट दिन सक्ने भएको बताए । वैदेशिक रोजगारको कारणले नै उनको परिवारको जीवन स्तरमा सुधार आएको बताए ।

समष्टिगत रूपमा हेर्दा वहुसंख्यक बेरोजगार र अर्ध बेरोजगार जनशक्ति जसको कमाइ नै नहुने वा भएको कमाइले खर्च नपुग्ने अवस्थाका जनशक्तिहरूले अल्पकालिन रूपमै भए पनि केही आम्दानी गर्ने अवसर वैदेशिक रोजगार मार्फत् प्राप्त गरेको देखियो । जसको कारण वैदेशिक रोजगारका आम्दानीबाट परिवारको आर्थिक अवस्थामा सुधार आएको बताए ।

### ५.४.४ सीप

सामान्य अर्थमा सीप भन्नाले कुनै पनि व्यक्तिले गर्ने काम अर्थात् उसले कुन-कुन काम जानेको छ भन्ने कुरालाई बुझाउँछ । वैदेशिक रोजगारको सम्बन्धमा सीप ज्यादै नजिक रहेको हुन्छ । कतिपय अवस्थामा व्यक्तिहरू वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि कुनै सीप सिकेको अवस्थामा सीप अनुसारको काम पाएका हुन्छन्, जसको कारण आम्दानी पनि बढी हुने गर्दछ भने कतिपयले विदेशमा नै काम गर्ने शिलशिलामा विभिन्न किसिमको सीप सिकेको पाइन्छ । यसै सन्दर्भमा सहभागीहरूले विदेशमा कुनै सीप सिके वा सिकेनन् भनी यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६ वैदेशिक रोजगारमा सिकेको सीप सम्बन्धी विवरण**

| विवरण | जातजाति | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | ब्राह्मण | क्षेत्री | | |
| सिप सिके | ३ | ३ | ६ | ३० |
| सिप सिकिन | १२ | २ | १४ | ७० |
| **जम्माः** | **१५** | **५** | **२०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १६ अनुसार, वैदेशिक रोजगारमा सिकेको सिप समबन्धमा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेसिक रोजगारबाट फर्किएका २० जना सहभागी रहेका छन् । जसमध्ये ब्राह्मण समुदायबाट १५ जना रहेका छन्, जसमा वैदेशिक रोजगारमा रहँदा कुनै सिप सिकिनँ भन्ने सहभागीहरू सवैभन्दा बढी  अर्थात १२ जना रहेको देखियो भने सिप सिकेर फर्किएको भन्ने सहभागी कम रहेको देखियो । त्यस्तै गरी क्षेत्री समुदायबाट वैदेशिक रोजगारबाट फर्किएका ५ जना सहभागीहरू रहेका छन् । जसमध्ये विदेशमा सीप सिकेर फर्किएँ भन्ने सहभागी बढी  अर्थात ३ जना रहेको देखियो ।

वैदेशिक रोजगारबाट फर्किएका सहभागी मध्ये धेरै जनाले केही सीप नसिकिकन फर्किएको बताए । सहभागीहरूको भनाई अनुसार सामान्य कामदारको रूपमा विदेश जाने गरेको कारण सीपमूलक काममा संलग्न हुन नपाएको बताए भने केही मात्रामा कुक, मेसिनरी, वेकरी, आधुनिक खेती गर्ने तरीका सिकेर फर्किएको बताए ।  यसै सन्दर्भमा

एकजना सहभागीले आफुले विदेशमा बेकरीमा काम गरेकोले हाल आएर आफ्नै लगानीमा बेकरी उद्योग संचालन गर्न लागेको बताए । यसरी वैदेशिक रोजगारमा सिकेको सीप नेपालमा उपयोग गर्न सके अथवा उपयोग गर्ने वातावरण सृजना हुन सके आफ्नो परिवारको जीविका राम्ररी संचालन गर्न सकिने कुरा सहभागीहरूले बताए ।

### ५.४.५ भाषा

भाषा भन्नाले संस्कृतिसँग सम्बन्धित हुन्छ । भाषा संचारको माध्यम हो । वैदेशिक रोजगारमा भाषा महत्वपूर्ण हुन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न हुँदा सहभागीले कुनै भषा सिके वा सिकेनन् भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७ वैदेशिक रोजगार मा जाँदा सिकेको भाषा सम्बन्धी विवरण**

| विवरण | जातजाति | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | ब्राह्मण | क्षेत्री | | |
| भाषा सिकेर गएका | ३ | १ | ४ | २० |
| भाषा नसिकिकन गएका | १२ | ४ | १६ | ८० |
| **जम्माः** | **१५** | **५** | **२०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १७ अनुसार, वैदेशिक रोजगारमा जानको लागि कुनै भषा सिकेर गएको हो वा होइन भन्ने सम्बन्धमा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारबाट फर्किएका २० जना सहभागी रहेका छन् । जसमध्ये ब्राह्मण समुदायबाट १५ जना सहभागी रहेका छन् । जसमा विदेश जाँदा भाषा नसिकीकन जानेको संख्या नै बढी रहेको देखियो भने जम्मा ३ जनाले मात्र सम्बन्धित देशको भाषा सिकेर गएको बताए । त्यस्तैगरी क्षेत्री समुदायबाट वैदेशिक रोजगारबाट फर्किएका ५ जना सहभागी रहेका छन्, जसमा भाषा नसिकिकन जाने सहभागी नै बढी देखियो भने एक जनाले मात्र सम्बन्धित देशको भाषा सिकेर गएको बताए ।

यसरी सहभागीहरूका भनाई अनुसार वैदेशिक रोजगारमा जाँदा सम्बन्धित देशको भाषा सिकेर जानु पर्ने बताए । जसले गर्दा भाषा सिकेर जानेहरूलाई कामको लागि सजिलो भएको बताए भने भाषा नसिकिकन जाने सहभागीलाई भाषागत समस्याको कारण काममा

पनि अप्ठ्यारो भएको बताए । उनीहरूको अनुभवबाट वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि नै सम्बन्धित देशको भाषा अनिवार्य रूपमा सिक्नु पर्ने बताए ।

### ५.५ सामाजिक, साँस्कृतिक परिवर्तन सम्बन्धमा

वैदेशिक रोजगारमा संलग्न घरपरिवारसँगको कुराकानीको आधारमा उनीहरूको परिवारमा वैदेसिक रोजगारले के-कस्तो परिवर्तन भएको छ भनी छलफल गर्दा उनीहरूको भनाई अनुसार यहाँ प्रस्तुत गरिएको छ । वैदेशिक रोजगारको सम्बन्धले सामाजिक सम्बन्धमा पनि प्रभाव पारेको हुन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक परिवर्तन सम्बन्धि विवरणलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८ वैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक परिवर्तन सम्बन्धी विवरण**

| **विवरण** | **जातजाति** | | | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| | **ब्राह्मण** | **गुरुङ** | **क्षेत्री** | | |
| आर्थिक परिवर्तन | २९ | ५ | ३ | ३७ | ७४ |
| सामाजिक परिवर्तन | ५ | १ | २ | ८ | १६ |
| साँस्कृतिक परिवर्तन | ३ | १ | १ | ५ | १० |
| **जम्माः** | **३७** | **७** | **६** | **५०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १८ अनुसार वैदेशिक रोजगारमा संलग्न परिवारको भनाई अनुसार रोजगारमा संलग्न हुनुभन्दा अगाडि उनीहरूको आर्थिक अवस्था कमजोर भएको बताए । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न परिवार ५० वटा रहेको छ, जसमध्ये ब्राह्मण समुदायबाट रोजगारमा संलग्न परिवार ३७ वटा रहेको छ, जसमा वैदेशिक रोजगारमा आफ्नो परिवारको सदस्य संलग्न भएपछि परिवारको आर्थिक अवस्थामा परिवर्तन भयो भन्ने परिवार सवैभन्दा बढी  अर्थात २९ वटा रहेको देखियो भने साँस्कृतिक परिवर्तन भयो भन्ने परिवार सवैभन्दा कम रहेको देखियो ।

त्यस्तैगरी गुरुङ समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवार ७ वटा रहेको छ, जसमध्ये वैदेशिक रोजगारको आम्दानीले आफ्नो परिवारमा आर्थिक परिवर्तन भयो भन्ने परिवार नै सवैभन्दा बढी अर्थात् ५ वटा रहेको देखियो भने सामाजिक, साँस्कृतिक परिवर्तन भयो भन्ने परिवार एउटा-एउटा रहेको देखियो । त्यस्तैगरी क्षेत्री समुदायबाट वैदेशिक

रोजगारमा संलग्न परिवार ६ वटा रहेको देखियो । जसमा वैदेशिक रोजगारको आम्दानीले आफ्नो परिवारको आर्थिक अवस्थामा परिवर्तन भएको छ भन्ने परिवार सवैभन्दा बढी अर्थात् ३ वटा रहेको देखियो भने साँस्कृतिक परिवर्तन भयो भन्ने परिवार एउटा मात्र रहेको देखियो ।

सहभागीहरूको भनाई अनुसार आर्थिक, सामाजिक दुवै क्षेत्रमा परिवर्तन भयो भन्ने परिवार ३ वटा देखियो । त्यस्तै आर्थिक, साँस्कृतिक क्षेत्रमा परिवर्तन भयो भन्ने परिवार पनि ३ वटा मात्र देखियो, जुन सहभागी मध्ये निकै कम हो, यसबाट के बुझियो भने वैदेशिक रोजगारले हरेक घर परिवारको आर्थिक क्षेत्रमा नै परिवर्तन भएको देखियो । रोजगारबाट आएको आम्दानीले घर निर्माण गर्ने, ऋण तिर्ने, जग्गा जमिन खरिद गर्ने गरेको देखियो । वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूले आफु फर्किंदा आफु र आफ्नो परिवारको लागि विदेशी सामान खरिद गरेको देखियो । जसको कारण विदेशमा कमाएको रकम विदेशमा नै रहने गरेको देखियो ।

विदेशबाट कमाएको रकमले अहिले आएर मोबाईल, ल्यापटप, टेलिभिजन ल्याउने गरेको देखियो । वैदेशिक रोजगारमा संलग्न ५० घर परिवारमध्ये सवैको घरमा मोवाईल रहेको, ७ वटा घरमा ल्यापटप, ३२ वटाको घरमा रंगिन टेलिभिजन र अन्यले जग्गा किनेको, ५ जनाले पक्की घर बनाएको देखियो । यसरी वैदेशिक रोजगारले सबै घर परिवारमा आर्थिक परिवर्तन भएको देखियो । आर्थिक रुपमा सबल भए पछाडी सामाजिक सम्बन्धमा फरक भएको बताए । किनकी हाम्रो समाजमा हरेक कुरालाई आर्थिक सम्बन्ध संग जोडेर हेर्ने गरिन्छ ।

### ५.६ साँस्कृतिक परिवर्तनको सम्बन्धमा

संस्कृति एक ठाउँबाट अर्को ठाउँमा प्रसारण हुने प्रक्रिया हो । समाजशास्त्रीय सिद्धान्त अनुसार पनि संस्कृतिको प्रसार हुने कुरा गरिएको छ । आजको विश्वमा सूचना तथा प्रविधिको विकासको कारण संसार साँघुरिंदै गएको छ अर्थात् सम्पूर्ण विश्वलाई एउटै गाउँ बनाएको छ । प्रत्यक्ष सम्पर्कको कारणले संस्कृति अझ छिटो प्रसार हुने हुनाले वैदेशिक रोजगारमा जाने आउने प्रक्रियाले गर्दा आफ्नो संस्कृति विदेशमा छोड्ने अथवा विदेशी धर्म, संस्कृतिलाई आफ्नो घरपरिवारमा भित्र्याउने र परिवारले सिक्ने प्रक्रियाले गर्दा संस्कृतिको सम्बन्ध वैदेशिक रोजगारसँग भएको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न घर परिवारमा

वैदेशिक रोजगारमा गएको कारणले संस्कृतिमा परिवर्तन भएको छ वा छैन भनी हेर्दा सहभागी मध्ये धेरैले परिवर्तन गरेको छैन भन्ने बढी पाईयो र परिवर्तन गरेको छ भन्ने कम पाईयो ।

वैदेशिक रोजगारमा संलग्न भएको कारणले गर्दा केही मात्रामा धर्म, चाडपर्व, संस्कारमा परिवर्तन भएको छ भन्ने कुरा बताए । अध्ययन क्षेत्रमा बढी मात्रामा हिन्दू धर्म मानने भएको कारण पनि अन्य धर्म नमान्ने बताए र चाडपर्व, संस्कार पनि हिन्दू धर्म अनुसार मनाउने गरेको बताए । केहि मात्रामा सहभागीहरुले आफ्नो बालबच्चाको जन्मदिन मनाउन थालेको, प्रेम दिवस, क्रिश्मस जस्ता विदेशि चाडपर्वलाई मनाउन सुरु गरेको देखियो । वैदेशिक रोजगारमा संलग्न भएको कारण चाडपर्व, संस्कार मनाउने शैलमि परिवर्तन भएको बताए ।

### ५.७ सामाजिक तथा साँस्कृतिक प्रभाव

यस अन्तरगत वैदेशिक रोजगारले उनीहरूको परिवारमा पारेको सामाजिक तथा साँस्कृतिक प्रभावलाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**तालिका नं. १९ वैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक प्रभाव सम्बन्धी विवरण**

| **विवरण** | **जातजाति** | | | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| | **ब्राह्मण** | **गुरुङ** | **क्षेत्री** | | |
| राम्रो प्रभाव परेको छ | ३० | ५ | ३ | ३८ | ७६ |
| केही सुधार भएको छ | ४ | १ | १ | ६ | १२ |
| उस्तै छ | ३ | १ | २ | ६ | १२ |
| **जम्माः** | **३७** | **७** | **६** | **५०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १९ अनुसार, वैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक प्रभावको बारेमा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न घरपरिवार ५० वटा रहेको छ, जसमध्ये ब्राह्मण समुदायबाट ३७ वटा परिवारको सदस्य रोजगारमा संलग्न भएको देखियो । जसमा वैदेशिकक रोजगारमा संलग्न भए पछाडि आफ्नो परिवारको सामाजिक सम्बन्धमा राम्रो प्रभाव परेको छ भन्ने परिवार सवैभन्दा धेरै अथवा ३० वटा रहेको पाईयो भने सामाजिक सम्बन्धमा खासै प्रभाव परेको छैन, पहिलाको जस्तै छ भन्ने

परिवार सवैभन्दा कम अथवा ३ वटा मात्र रहेको देखियो । त्यस्तै गरी गुरुङ समुदायबाट वैदेशिक रोजगारमा संलग्न घर परिवार ७ वटा रहेको छ, जसमध्ये ५ वटा परिवारको वैदेशिक रोजगारमा संलग्न भए पछाडि सामाजिक सम्बन्धमा राम्रो प्रभाव पारेको बताए भने कुनै परिवर्तन भएको छैन अथवा पहिलाको जस्तै छ भन्ने परिवार एउटा मात्र देखियो । क्षेत्री समुदायबाट वैदेशिक रोजगारमा संलग्न घरपरिवार ७ वटा रहेको छ, जसमध्ये वैदेशिक रोजगारको कारणले गर्दा आफ्नो परिवारको सामाजिक सम्बन्धमा राम्रो प्रभाव पारेको छ भन्ने परिवार सवैभन्दा बढी अर्थात् ३ वटा रहेको देखियो भने केही मात्रामा सुधार भएको छ भन्ने परिवार एउटा मात्र रहेको देखियो ।

वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि व्यक्ति वा उनीहरूको परिवार, सामाजिक रूपमा वर्गीय हिसावले निम्न वर्गमा पर्दथ्यो । आर्थिक रूपमा सवल भएपछि सामाजिक सम्बन्धमा पनि सुधार आएको कुरा सहभागीहरूले बताए । जसको कारण समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाईयो । सहभागीहरुको भनाई अनुसार आफ्नो बालबच्चाको जन्मदिन मनाउन थालेको, प्रेम दिवस, क्रिश्मस जस्ता विदेशि चाडपर्वलाई मनाउन सुरु गरेको जसको कारण सांस्कृतिक प्रभाव केहि मात्रामा परेको देखियो ।

## ५.८ वैदेशिक रोजगारप्रतिको आकर्षण

वैदेशिक रोजगारमा संलग्न भएर फर्किएका सहभागीहरूले वैदेशिक रोजगारलाई कसरी मूल्याङ्कन गरेका छन् वा के कारणले कसरी आकर्षण हुनुभयो भन्ने सन्दर्भमा यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. २० वैदेशिक रोजगारप्रतिको आकर्षण सम्बन्धी विवरण**

| विवरण | जातजाति | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | ब्राह्मण | क्षेत्री | | |
| गरीबीको कारणले गर्दा | ११ | ३ | १४ | ७० |
| साथीभाई गएको देखेर | १ | १ | २ | १० |
| परिवारको सल्लाह अनुसार | १ | १ | २ | १० |
| आमदानीमा वृद्धि गर्नको लागि | २ | - | २ | १० |
| **जम्माः** | **१५** | **५** | **२०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. २० अनुसार वैदेशिक रोजगारप्रतिको आकर्षण सम्बन्धमा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारबाट फर्किएका २० जना सहभागी रहेका छन् । जस मध्ये ब्राह्मण समुदायबाट १५ जना रहेका छन्, जसमा गरिवीको कारणले गर्दा वैदेशिक रोजगारप्रति आकर्षण बढेको हो भन्ने सहभागी नै सवैभन्दा बढी अर्थात् ११ जना रहेको देखियो भने सवैभन्दा कम साथीभाई गएको देखेर र परिवारको सल्लाह अनुसार रोजगारमा संलग्न हुनु परेको भन्ने जम्मा १-१ जना रहेको देखियो । त्यस्तै गरेर क्षेत्री समुदायबाट वैदेशिक रोजगारबाट फर्किएका सहभागी ५ जना रहेका छन्, जसमा गरिबीको कारणले गर्दा वैदेशिक रोजगारप्रति आकर्षण बढेको हो भन्ने सहभागी नै बढी अर्थात् ३ जना रहेको देखियो भने अन्य दुई जना सहभागीहरू साथीभाई गएको देखेर र परिवारको सल्लाह अनुसार वैदेशिक रोजगारमा संलग्न हुनु परेको भन्ने बताए ।

सहभागी मध्ये धेरेको भनाई अनुसार आफ्नो परिवारको आर्थिक स्थिति कमजोर भएकोले अथवा गरिबीको कारणले वैदेशिक रोजगारमा संलग्न भएको पाईयो । यसबाट के बुझिन्छ भने वैदेशिक रोजगार आकर्षण नभई गरिबीको कारण आफ्नो घरपरिवारको पालनपोषणमा कठिनाई भएको कारण वैदेशिक रोजगारमा जाने गरेको बताए ।

यसै सन्दर्भमा तालिका नं. २१ मा वैदेशिक रोजगारमा पुनः जाने सम्भावना छ वा छैन भनी सहभागीसँगको विचारलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. २१ वैदेशिक रोजगारमा पुनः जाने सम्भावना सम्बन्धी विवरण**

| **विवरण** | **जातजाति** | | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|
| | **ब्राह्मण** | **क्षेत्री** | | |
| पुनः जान चाहान्छु | १ | - | १ | ५ |
| पुनः जान चाहन्नँ | २ | १ | ३ | १५ |
| स्वदेशमा रोजगार पाए जान्नँ | ११ | ४ | १५ | ७५ |
| यस बारेमा केही सोचेको छैन | १ | - | १ | ५ |
| **जम्माः** | **१५** | **५** | **२०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. २१ अनुसार वैदेशिक रोजगारबाट फर्किएका सहभागीहरूलाई पुनः जाने सम्भावना छ वा छैन भन्ने कुराको विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारबाट फर्किएका २० जना सहभागीहरू रहेका छन्, जसमध्ये ब्राह्मण समुदायबाट १५ जना रहेका छन्, जसमा पुनः रोजगारमा जाने सम्भावनाको बारेमा कुरा गर्दा स्वदेशमा रोजगार पाए पुनः नजाने भन्ने सहभागी सवैभन्दा बढी अर्थात् ११ जना रहेको देखियो । पुनः जान चाहान्छु र यस बारेमा केही सोचेको छैन भन्ने सहभागी १-१ जना रहेको देखियो । त्यस्तै गरी क्षेत्री समुदायबाट वैदेशिक रोजगारबाट फर्किएका ५ जना सहभागीहरू रहेका छन्, जसमध्ये पुनः रोजगारमा जाने सम्भावनाको बारेमा कुरा गर्दा स्वदेशमा रोजगार पाए पुनः नजाने भन्ने सहभागी नै सवैभन्दा बढी अर्थात् ४ जना रहेको देखियो भने पुनः नजाने भन्ने सहभागी १ जना मात्र रहेको देखियो ।

सहभागी मध्ये धेरेको भनाई अनुसार स्वदेशमा सानो रोजगार पाए पुनः नजाने कुरा बताए भने पुनः जान चाहान्छु भन्ने सहभागी विदेशमा राम्रो कमाई भएको र काम पनि सजिलो भएको कारण पुनः जान चाहेको बताए । स्वदेशमा रोजगारको अवस्था सिर्जना हुन सकेमा वैदेशिक रोजगारमा जानेको संख्या कम हुन सक्ने बताए ।

हाल वैदेशिक रोजगारबाट फर्किएर स्थानीय स्तरमा व्यवसायिक रूपमा तरकारी खेती शुरु गरेका सहभागीको घटनालाई वैयक्तिक अध्ययनको रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रभित्र पर्ने मध्यम वर्गीय परिवारमा जन्मिएका बेरोजगारी समस्याबाट पार पाउने उद्देश्यले वि.सं. २०६४ सालमा राहदानी बनाएका ३६ वर्षका धर्मगत अर्यालले नेपालमा केही रोजगारी पाउन नसके पछि वि.सं. २०६५ सालमा विदेश (कतार) गएका थिए । तर उनलाई भनेजस्तो काम र तलव सुविधा नभएको बताए । जेनतेन दुई वर्ष कतारमा बसेर आएका उनले विदेशमा गएर धेरै पैसा कमाउने सपना मात्र रहेछ, केहीलाई मात्र राम्रो हुने कुरा उनको अनुभवबाट थाहा हुन आयो । तर पनि आफ्नो देशमा रहेको बेरोजगारी समस्याले गर्दा विदेश जानु नेपालीको वाध्यता भएको कुरा बताए । अहिले आएर उनले व्यवसायिक रूपमा तरकारी खेती गरी मासिक रु.३०-४० हजार कमाई रहेको बताउँछन् । अहिले उनले नेपाल सरकारलाई देशमा रहेको युवा शक्तिलाई अर्काको देशमा जान नपर्ने गरी स्वदेशमा नै रोजगारको अवस्था सृजना गरियोस् भन्ने चाहाना गरेका छन् ।

### ५.९ वैदेशिक रोजगारले समाजमा पारेको प्रभावको विश्लेषण

नेपाली समाजमा बढ्दै गई रहेको यस वैदेशिक रोजगारले कस्तो प्रभाव वा असर पारेको छ । यसले वास्तविक पक्षमा राम्रो असर पारेर देशलाई र सम्बन्धित देशमा गएका कामदारलाई राम्रो भविष्य दिन सक्ला वा नसक्ला भनेर अध्ययन गरिएको छ । देशमा रोजगारको अवस्था सृजना हुन नसके पछि यसको निकास खोज्नु स्वाभाविक प्रक्रिया हो । यसै अनुसार नेपाल सरकारले १०७ वटा मुलुकहरूमा जानको लागि मान्यता दिएको छ ।

तर पनि आफ्नो नागरिक अरुको देशमा जस्तोसुकै जोखिम मोलेर भए पनि काम गर्न वाध्य छन्, यस बारेमा सरकारले खासै ध्यान दिएको छैन, सरकारले मात्रै आफ्नो देशमा आएको रेमिट्यान्सलाई मात्र ध्यान दिएको छ । विदेशमा नेपाली कामदारलाई प्रायः अदक्ष कामदारको रूपमा मानिन्छ । नेपालको अव्यवहारिक शिक्षा नीतिको कारण शिक्षित युवाहरू पनि थोरै तलवमा विदेशमा गएको देखिन्छ । जसको कारण अन्य देशका कामदार र नेपाली कामदारको बीचमा पारिश्रमिकमा पनि विभेद भएको वताएका छन् । विदेशमा नेपाली कामदार माथि भएको उत्पिडन, हिंसा र असुरक्षा प्रति नेपाल सरकार मौन रहेको देखिन्छ । वैदेशिक रोजगारले नेपाली समाजमा सकारात्मक प्रभाव पार्‍यो भन्ने सहभागी मध्ये ५० जनाले आर्थिक रूपमा सकारात्मक प्रभाव पारेको बताए, जुन उनीहरूको परिवारमा वैदेशिक रोजगारको आम्दानीले आर्थिक स्थितिमा सुधार ल्याएको बताए । सहभागी मध्ये २० जनाले नकारात्मक प्रभाव पारेको कुरा बताए, जुन उनीहरूको परिवारमा वैदेशिक रोजगारले आर्थिक क्षेत्रमा नभई सामाजिक, सांस्कृतिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको बताए ।

### ५.१० वैदेशिक रोजगारको सम्बन्धमा समाजले मूल्याङ्कन गरेको धारणा

वैदेशिक रोजगारको सम्बन्धमा अध्ययन गर्दा अध्ययन क्षेत्रका सहभागीहरूको धारणा बुझ्दा आर्थिक पक्षलाई हेर्दा राम्रो भएको बताए । वैदेशिक रोजगारले समाजलाई कुन दिशा तर्फ लगिरहेको छ अथवा समाजको आँखामा यो पेशा वा व्यवसायलाई कसरी मूल्याङ्कन गरेका छन् भनी सामुहिक भेला गराई यस विषयमा छलफल गरी विचार बुझ्ने कोशिष गरिएको थियो, जसमा धेरै सहभागीले यस वैदेशिक रोजगारलाई मर्यादित, सुरक्षित बनाउनु पर्छ भन्ने धारणा व्यक्त गरेको पाईयो । जस्तोसुकै काममा नभई सिप, योग्यता र क्षमताको आधारमा निश्चित देशमा मात्र कामदारलाई अनुमति दिनुपर्छ, सरकार यसप्रति उत्तरदायि भई प्रक्रियागत रूपमा जानु पर्छ भन्ने धारणा व्यक्त गरे ।

यसरी सहभागीहरूले वैदेशिक रोजगारको आम्दानीले आर्थिक स्थितिमा केही मात्रामा सुधार आएको छ, यस आर्थिक पक्षलाई हेर्दा सकारात्मक धारणा राखेको पाईयो ।

# अध्याय - छ

# अध्ययनको सारांश र निकर्ष

## ६.१ अध्ययनको सारांश

वैदेशिक रोजगार र नेपाली समाजमा भएको प्रभाव सम्बन्धमा विश्लेषण गर्नको लागि स्याङ्ज्या जिल्लाको पुतलीबजार नगरपालिका वडा नं. १० मा अध्ययन गरिएको हो । यस अध्ययनको लागि विभिन्न समस्यालाई उठान गरिएको छ । वैदेशिक रोजगारमा संलग्न परिवारको रोजगारीमा जानु अघि र गई सकेपछिको आर्थिक अवस्था कस्तो रहेको छ । वैदेशिक रोजगारीले नेपाली समाजमा कस्तो प्रभाव पारेको छ । वैदेशिक रोजगारमा जाने कामदारहरूको उमेर शैक्षिक अवस्था के कस्तो रहेको छ, रोजगारमा जाने प्रक्रिया कस्तो छ भन्नेब ारेमा विश्लेषण गरिएको छ ।

वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारसँग अध्ययनको निम्न उद्देश्य राखी छलफल गरिएको छ ।

- वैदेशिक रोजगारीमा जानु पर्ने कारणहरूको बारेमा खोजी गर्नु ।
- नेपाली समाजमा वैदेशिक रोजगारीले पारेको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभावको बारेमा अध्ययन गर्नु ।
- वैदेशिक रोजगारप्रतिको धारणा संकलन र विशलेषण गर्नु ।

अध्ययनको उद्देश्यको आधारमा  तयार पारिएका प्रश्नमा आधारित भएर वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारसँग विभिन्न अनुसन्धान विधि घरधूरी सर्वेक्षण, प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, समूह छलफल तथा वैयक्तिक अध्ययन गरी तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारहरूमा सवै जातको संलग्न भएको पाईयो । अध्ययन क्षेत्रमा ब्राह्मण समुदाय बढी मात्रामा वैदेशिक रोजगारमा संलग्न भएको पाईयो । लैङ्गिक रूपमा हेर्दा पुरुषको संलग्नता बढी रहेको पाईयो । ७० जना सहभागी मध्ये महिला जम्मा ३ जना मात्र वैदेशिक रोजगारमा संलग्न भएको पाईयो ।

यी तिन जना महिला सहभागी पनि ब्राह्मण समुदायका विवाहित महिला हुन् । गुरुङ, क्षेत्री समुदायबाट कुनै पनि महिला सहभागी भएको पाइएन । त्यस्तैगरी उमेरगत हिसावले पनि सवै जातमा आर्थिक रूपमा सक्रिय अर्थात् उत्पादन श्रमशक्ति नै २६-३५ वर्ष उमेर समूहका युवाहरू बढी मात्रामा वैदेशिक रोजगारमा संलग्न भएको पाईयो ।

शिक्षासँग पनि वैदेशिक रोजगारको सम्बन्ध रहेको पाईयो किनकी वैदेशिक रोजगारमा शिक्षित युवा पनि र अशिक्षित युवा पनि रोजगारमा संलग्न पाईयो भने बढी मात्रामा शिक्षित युवाहरू यूरोपियन मुलुक तर्फ जाने गरेको पाईयो भने अशिक्षित वा कम शैक्षिक योग्यता भएका युवाहरू खाडी मुलुकतर्फ गएको पाईयो । तर अहिले स्वदेशमा रोजगारको अभावको कारण सवै यूवाहरू वैदेशिक रोजगारमा संलग्न भएको पाईयो ।

वैदेशिक रोजगारमा संलग्नहरूको जमिनको अवस्थालाई हेर्दा सवै जातको १ कठ्ठा देखि ९ कठ्ठासम्म जमिन हुने बढी देखियो भने ब्राह्मण समुदायमा जमिन नहुने परिवार बढी देखियो, तर पनि जमिन बढी हुने परिवारबाट र नहुने, जमिन कम हुने सवै परिवारबाट वैदेशिक रोजगारमा संलग्न भएको पाईयो । सवै जातमा बढी मात्रामा कृषि पेशा गर्ने परिवारबाट वैदेशिक रोजगारमा संलग्न भएको पाईयो । जमिनको सम्बन्धमा सवै जातको खेत भए तापनि उक्त खेतमा सिंचाइको राम्रो व्यवस्था नभएको कारण एकबाली मात्र उत्पादन हुने भएकोले उत्पादित खाद्यान्नले वर्षभरी नपुग्ने भएकोले वैदेशिक रोजगारमा संलग्न भएको पाईयो । वैदेशिक रोजगारमा जाने प्रक्रिया हेर्दा दुई तरिकाबाट गएको देखियो । स्थानीय एजेन्ट -स्थानीय मेनपावर –केन्द्रिय एजेन्ट -केन्द्रिय मेनपावर -सम्बनिधत देश, केन्द्रिय मेनपावर – सम्बनिधत देश, सहभागीहरू वैदेशिक रोजगारमा संलग्न भएको पाईयो । यसरी सिधै केन्द्रिय मेनपावरमा सम्पर्क राखि रोजगारमा संलग्न भएका सहभागीहरुको खर्च पनि कम र रोजगारमा जानको लागि समय कम लागेको बताए ।

वैदेशिक रोजगारमा संलग्न भएपछि सवै जातिको आम्दानीमा वृद्धि भएको पाईयो, जसले गर्दा उनीहरूको पहिलाको पेशामा क्रमिक सुधार आएको पाईयो । वैदेशिक रोजगारमा सवै पेशामा आवद्ध भएका र वेरोजगार रहेको सवै संलग्न भएको पाईयो । सहभागीको भनाई अनुसार गरिबीको कारणले गर्दा वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए ।

वैदेशिक रोजगारबाट आर्जित रकमले ब्राह्मण जातको ७ वटा परिवारले ऋण तिरेको बताए भने अन्यले जग्गा, जमिन किनेको, घर बनाएको तथा व्यापारमा लगानी गरेको बताए भने बढी परिवारले ऋण तिरेको बताए । यसरी सहभागीहरूले आर्थिक स्थितिमा सुधार आएपछि सामाजिक सम्बन्धमा सुधार आएको बताए ।

भाषा र सीपको सन्दर्भमा कुरा गर्दा वैदेशिक रोजगारबाट फर्किएका २० जना सहभागी मध्ये ब्राह्मण समुदायका १२ जना सहभागीले विदेशमा कुनै सिप सिक्ने अवसर नपाएको बताए भने क्षेत्री समुदायका ५ जना सहभागी मध्ये २ जना सहभागीले विदेशमा कुनै सिप सिक्ने अवसर नपाएको बताए। यसरी विदेशमा सिप सिकेर आउने सहभागी कम देखियो । त्यस्तैगरी वैदेशिक रोजगारमा जाँदा सम्बन्धित देशको भाषा नसिकीकन जाने सहभागी नै बढी देखियो । जसले गर्दा भाषागत समस्या भएको बताए ।

वैदेशिक रोजगारमा संलग्न सवै जातका सहभागीहरूको भनाई अनुसार आर्थिक अवस्थामा परिवर्तन भएको बताए । त्यस्तैगरी वैदेशिक रोजगारबाट फर्किएका २० जना सहभागी मध्ये ब्राह्मण समुदायका १५ जना मध्ये पुन जाने सम्भावना छ वा छैन भन्ने सन्दर्भमा स्वदेशमा रोजगारमा पाए पुनः नजाने भन्ने सहभागी सवैभन्दा बढी अर्थात् ११ जना रहेको पाईयो भने क्षेत्री समुदायबाट वैदेशिक रोजगारमा संलग्न भएर आएका ५ जना सहभागी मध्ये ४ जना सहभागीले स्वदेशमा रोजगार पाए पुननः नजाने बताए । जसले गर्दा नेपालमा नै अथवा स्थानीय स्तरमा नै रोजगारको अवस्था सृजना हुन सके वैदेशिक रोजगारमा संलग्न नहुने कुरा सहभागीहरूले बताए ।

### ६.२ अध्ययनको निष्कर्ष

एक मुलुकको श्रम बजारको श्रमशक्ति अर्को मुलुकको श्रमबजारमा व्यवस्थित रूपमा गई रोजगारी गर्नुलाई वैदेशिक रोजगार सेवा भनिन्छ । मुलुकमा रोजगारीको अवसर कम भएको कारण वैदेशिक रोजगारलाई वैकल्पिक माध्यमको रूपमा लिइएको छ । जसले वैदेशिक रोजगारमा संलग्न परिवारहरूको आर्थिक अवस्थामा सुधार ल्याई सामाजिक सम्बन्धमा प्रभाव पारेको देखिन्छ । अध्ययनको उद्देश्य अनुरूप सहभागीहरूले दिएको सूचना वा तथ्याङ्कको आधारमा यस शोधपत्रको निष्कर्षलाई तल उल्लेख गरिएको छ ।

वैदेशिक रोजगारमा संलग्न भएका सवै जातीका आर्थिक क्रियाकलापमा सक्रिय रहने उमेर समूहका युवा जनशक्रि बढी मात्रामा रोजगारमा संलग्न भएको देखियो । जसको मुख्य कारण गरिबीको कारणले गर्दा नै वैदेशिक रोजगारमा जानु पर्ने वाध्यता भएको बताए । वैदेशिक रोजगारमा संलग्न पुरुषको संख्या नै बढी देखियो । यसो हुनुको मुख्य कारण पितृ सत्तात्मक समाजको वाहुल्यता रहेको कारणले गर्दा हो । बैदेशिक रोजगारमा आम्दानि हुने तथा नहुने सबै परिवारबाट संलग्न भएको पाईयो । सहभागिहरुको भनाई अनुसार नगद आम्दानी हुने कार्यलाई मात्र आम्दानीको रुपमा लिएको पाइयो । आफ्नो भएको कृषि पेशाबाट उत्पादित खाद्यन्नले परिवारलाई मात्र पुग्ने तर केहि बचत नहुने बताए । बचत नभएपछि बजारमा बेचेर नगद नआउने भएकोले कृषि पेशा गर्ने परिवारको बढि मात्रामा नगद आम्दानीको श्रोत नभएको बताए ।

जातिगत आधारमा हेर्दा सवै जातका व्यक्तिहरू रोजगारमा संलग्न भएको पाईयो, सवै पेशा, व्यवसाय गर्ने व्यक्तिहरू पनि रोजगारमा संलग्न भएको पाईयो । जसले गर्दा परम्परागत तथा जातिगत आधारमा गरिने पेशामा क्रमशः परिवर्तन हुँदै आएको देखियो ।

वैदेशिक रोजगारमा पुरुषको संलग्नता बढी भएपछि महिलाहरू माथि दोहोरो भूमिका तथा जिम्मेवारी थपिन गएको देखियो जसले गर्दा हिजोका दिनमा घरभित्र मात्र सीमित हुने महिला अहिले निर्णय प्रक्रिया जस्ता कुरामा अगाडि आएको देखियो । यसको कारण समाजमा हुने लैङ्गिक विभेद कम भएको देखियो । उत्पादनशिल जनशक्ति वैदेशिक रोजगारमा संलग्न भएकोले कतिपय खेतीयोग्य जमिन बाँझो रहेको अवस्था देखियो । वैदेशिक रोजगारबाट प्राप्त आम्दानीले सहभागीहरूको परिवारको आर्थिक अवस्थामा सुधार आएको देखियो । यसरी आर्थिक रूपमा सवल भएपछि सामाजिक सम्बन्धमा पनि सुधार आएको छ ।

समग्रमा वर्तमान अवस्थामा वैदेशिक रोजगारले सहभागीहरूको आर्थिक अवस्थामा सुधार ल्याए तापनि यो पेशा दीर्घकालिन रूपमा रहिरहन सक्ने अवस्था देखिंदैन । सहभागीमध्ये धेरैजसो सस्तो मूल्यमा अर्धदक्ष श्रमिकको रूपमा विदेशमा काम गरेको पाईयो । जसले गर्दा स्वदेशमा रोजगारको अभावले वैदेशिक रोजगारमा जाने गरेको पाईयो भने कतिपय अवस्थामा आफ्नो देशमा भएको साना घरेलु उद्योग तथा कृषि क्षेत्र संकटमा पर्दै गएको देखिन्छ । जसको कारण धेरैजसो परिवारहरू बजारमुखी भएका छन् । वैदेशिक

रोजगारमा रहँदा अथवा स्वदेश फर्किंदा आफु र आफ्नो परिवारको लागि विभिन्न सामानहरू (घडी, टेलिभिजन, ल्यापटप, मोवाइल) जस्ता महँगा सामान खरिद गर्ने भएकोले विदेशमा कमाएको पूँजी विदेशमा नै छोडेर आएको पाईयो ।

यसरी अध्ययन क्षेत्रमा विश्व बजारमा पाइने वस्तुहरूको प्रयोग गर्दै विश्वव्यापीकरण तर्फ अगाडि बढेको देखिन्छ भने अर्कातिर विदेशी सामानको खरिद गर्दा आफुले कमाएको पूँजी विदेशमा नै फर्किएको देखिन्छ । जसको कारण वैदेशिक रोजगारले परनिर्भरताको स्थिति सृजना गर्न सक्ने देखिन्छ ।

जसरी बालेस्टाइनले विश्व व्यवस्था अन्तर्गत विकसित (केन्द्र) देशहरूले अविकसित (पृष्ठ क्षेत्रका) देशहरूबाट अदक्ष श्रमिकहरू निर्यात् मात्र गर्दैनन्, सस्तो मूल्यमा काममा लगाएर बढी भन्दा बढी नाफा कमाएका हुन्छन् र विदेशमा कमाएको पूँजी पनि विभिन्न विलासिताका सामानहरू लगायत अन्य वस्तुहरूको खरिदमा पूँजी विकसित देशतर्फ लैजान्छन् भनेका छन् । बालेस्टाइनले विश्व अर्थतन्त्रमा तिनवटा क्षेत्रको धारणा लाई अगाडी सारेका छन् । विश्व संरचनामा केन्द्र क्षेत्रले अर्धपृष्ठ र पृष्ठ क्षेत्रलाई शोषण गरिरहेका हुन्छन् भने अर्धपृष्ठ क्षेत्रले पनि पृष्ठ क्षेत्रलाई शोषण गरिरहेका हुन्छन् । त्यसरीनै नेपाल जस्तो पृष्ठ क्षेत्रबाट अर्धपृष्ठ तथा केन्द्र क्षेत्र तर्फ रोजगारमा गएका श्रमिकहरुलाई श्रम शोषण गर्ने गरेका हुन्छन् । उनिहरुलाई कम ज्यालामा काममा लगाएर बढि भन्दा बढि नाफा कमाएका हुन्छन् । पृष्ठ क्षेत्रका श्रमिकहरुले आधुनिक बन्नको लागि विदेशमा कमाएको पुँजि विदेशी सामान खरिद गरेर फर्कने प्रक्रियाले गर्दा केन्द्र क्षेत्र र अर्धपृष्ठ क्षेत्र झन् झन् धनि हुने तर पृष्ठ क्षेत्रमा परनिर्भरता बढ्दै जाने स्थिती रहेको छ ।

यसरी अध्ययन क्षेत्रबाट रोजगारको शिलशिलामा केन्द्र तथा अर्ध पृष्ठ क्षेत्र तर्फ जाने क्रम बढेको छ । जसको कारण स्थानिय क्षेत्र अथवा पृष्ठ क्षेत्रमा युवा जनशक्तिको अभावले विकास निर्माण, स्थानिय घरेलु तथा साना उद्योग बन्द हुने अवस्थामा छन्, खेतीयोग्य भुमि बाझो रहेको छ । अध्ययन क्षेत्रमा स्थानिय स्तरमा विकासका संभावना प्रशस्त भएता पनि नाफा मुलक उत्पादन हुन नसकेकोले युवा जनशक्ति बैदशिक रोजगारमा जाने क्रम बढि रहेको छ ।

# सन्दर्भग्रन्थ सूची


के.सी., नवराज (२०६६); नयाँ नेपाल निर्माणमा वैदेशिक रोजगारले खेल्न सक्ने भुमिका, काठमाडौंः वैदेशिक रोजगार पत्रकार संघ ।

डाँगी, युवराज (२०६७); वैदेशिक रोजगार र नेपाली समाजः एक समाजशास्त्रीय अध्ययन, शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग, किर्तिपूरमा प्रस्तुत शोधपत्र ।

दाहाल, गणेश (२०६६); वैदेशिक रोजगारका विविध पक्षहरू, प्याराडाईज इन्टरनेसनल प्रा.लि. नयाँ बानेश्वर ।

नेपाल वैदेशिक रोजगार संघ, (२०४९)

नेपाल सरकार वैदेशिक रोजगार ऐन, २०४२, २०६४, कानुनी किताब व्यवस्था समिति, ववरमहल ।

पण्डित, सूर्यकुमार (२०५७); नेपालमा वैदेशिक रोजगार, काठमाडौंः वैदेशिक रोजगार पत्रकार संघ ।

पोखरेल, नारयणदत्त (२०५७); वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभाव; एक समाजशास्त्रीय अध्ययन, समाजशास्त्र/मानवशास्त्र, केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

रेग्मी, हेमराज (२०५६); लेवर स्टाटिस्ट्रीक, काठमाडौंः नेपाल सरकार केन्द्रिय तथ्याङ्क विभाग

राष्ट्रिय जनगणना, (२०६८); प्रारम्भीक नतिजा, तथ्यांक विभाग, स्याङ्गजा ।

राष्ट्रिय जनगणना, (२०६८); प्रारम्भीक नतिजा, केन्द्रिय तथ्याङ्क विभाग, थापाथली काठमाडौं ।

राष्ट्रिय योजना आयोग, (२०३७); छैटौं योजनाको आधारपत्र ।

राष्ट्रिय योजना आयोग (२०६५); अन्तरिम त्रि-वर्षिय योजनाको प्रतिवेदन, सिहंदरबार, काठमाडौं ।

वैदेशिक रोजगार नियमावली, (२०५४); नेपाल सरकार ।

वैदेशिक रोजगार समाचार, वैदेशिक रोजगार सरोकार पत्रकार संघ, ताहाचल काठमाडौं ।

श्रम डेस्क रजिष्ट्रार, (१९९८), त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, रेकर्ड बुक्स, श्रम विभाग ।

Molnar,A.(1981): Economic strategis and Economic constraints,In Asian Highland Societies:An Anthropological Perspective,New Delhi

Rizer, (1992), The modern sociological theory.

www.dofe.gov.np

www.baidesikrojagar.com'

www.weeklynepal.com/index.php/2011-08-02

## **शोधपत्र तयारीको लागि तयार गरीएको प्रश्नावलीको नमुना**

**खण्डः क**

बैदेशिक रोजगारमा संलग्न व्यक्तिको घरमूलिको लागि तयार पारिएको प्रश्नावलीको नमूना

घरमूलिको नाम :- मिति :–

ठेगाना :

गा.बि.स./न.पा. :

उमेर : धर्म :

जात : लिङ्ग :

| क्र.सं. | घर परिवारको नामावली | घरमूलीसँगको नाता | उमेर | लिङ्ग |
|---|---|---|---|---|
| | | | | |

**आर्थिक क्षेत्र :**

१.तपाईको मूख्य पेशा के हो ?

(क) कृषि (ख)व्यापार

(ग)नोकरी (घ)मजदूरी

२.कहिलेदेखि यस पेशा संलग्न हुनुहुन्छ ?

.....................................................................................................................

३.तपाई संग जग्गा जमिन छ वा छैन ?

(क) छ (ख) छैन

(i)तपाई संग जग्गा छ भने कति छ ?

(क) १ देखि ९कट्ठा सम्म (ख) १० देखि १९ कट्ठा देखि

(ग) २० देखि माथि (घ) अन्य

(ii)यदि जग्गा जमिन छैन भने कसरी जिबन यापन गर्न भएको छ ?

(क) ज्याला मजदुरी गरेर (ख)अरुको जग्गा अधिया कमाएर

(ग)जमिन ठेक्कामा लिएर

(iii)कुन प्रकारको जग्गा जमिन रहेकोछ ?

(क) खेत (ख) बारी (ग) खरबारी

(४) खाधन्नमा के-के उत्पादन गर्नुहुन्छ ?

(क) धान (ख) मकै (ग) गहुँ

(घ) तोरी (ङ) फलफूल (च) तरकारी

(i)फलफूल अर्न्तगत के-के उत्पादन गर्नुहुन्छ ?

(क) केरा (ख)सुन्तला (ग)आँप (घ)अन्य

(ii) तरकारी अन्तर्गत के–के उत्पादन गर्नुहुन्छ ?

(क) आलु (ख) काँउली (ग) सबै प्रकारका

(५) उत्पादित खाधन्नले खान पुग्छ की पुग्दैन ?

........................................................................................................................

(६) यदि खान पुग्छ भने कति समय खान पुग्छ ?

........................................................................................................................

(७) यदि खान पुग्दैन भने कहाँ बाट जुटाउँनुहुन्छ ?

(क) ज्याला मजदुरी गरेर (ख) नोकरी गरेर (ग) अन्य

(८) घरको लागि मात्र उत्पादन गर्नु हुन्छ की बेच्नको लागि उत्पादन गर्नुहुन्छ ?

........................................................................................................................

(९) यदि बेच्नको लागि हो भने बार्षिक आम्दानी कति हुन्छ ?

........................................................................................................................

(१०) नोकरीबाट कति आम्दानी हुन्छ ?

........................................................................................................................

(११) तपाई यस पेशा प्रति सन्तुष्ट हुनुहुन्छ ?

(क) सन्तुष्ट छु (ख) सन्तुष्ट छैन (ग) कति पनि सन्तुष्ट छैन (

१२) यदि सन्तुष्ट भए किन हुनुहुन्छ ?

........................................................................................................................

(१३) यदि सन्तुष्ट नभए किन हुनुहुदैन ?

(१४) पशुपंक्षिको सम्बन्धमा के–के पाल्नु भएकोछ ?

| पशुपंक्षि | संख्या |
|---|---|
| गाई/भैसी | |
| भेडा/बाखा | |
| हाँस/कुखुरा | |

| | |
|---|---|
| सुँगुर | |
| मौरी | |

१५) तपाईको छोराछोरी कति छन् ?

..............................................................................................................................

(१६) कति जना छोराछोरी बैदेशिक रोजगारमा संलग्न छन् ?

..............................................................................................................................

(१७) बैदेशिक रोजगारमा जानुको मुख्य कारण के हो ?

..............................................................................................................................

(१८) तपाईको परिवारको सदस्य बैदेशिक रोजगारमा संलग्न भएपछि कुन–कुन क्षेत्रमा परिबर्तन भएकोछ ?

(क) आर्थिक क्षेत्रमा (ख) सामाजिक क्षेत्रमा (ग) सांस्कृतिक क्षेत्रमा

(i) आर्थिक क्षेत्रमा के–के परिबर्तन भएको छ ?

..............................................................................................................................

(ii) सामाजिक क्षेत्रमा के -के परिबर्तन भएको छ ?

..............................................................................................................................

(iii)सांस्कृतिक क्षेत्रमा के–के परिबर्तन भएको छ ?

..............................................................................................................................

(१९) तपाईको परिवारको सदस्य बैदेशिक रोजगारमा संलग्न भएपछि परिवारमा कस्तो प्रभाब परेको छ ?

(क) आर्थिक प्रभाब (ख)सामाजिक प्रभाब (ग) सांस्कृतिक प्रभाब

(i) आर्थिक प्रभाब के –के परेको छ ?

..............................................................................................................................

(ii) सामाजिक प्रभाब के –के परेको छ ?

..............................................................................................................................

(iii) सांस्कृतिक प्रभाब के-के परेको छ ?

..............................................................................................................................

**सामाजिक क्षेत्र**

(१) तपाईले कति बर्ष सम्मको अध्ययन गर्नु भएको छ ?

..............................................................................................................................

(२) तपाईको छोराछोरीलाई कस्तो स्कुलमा पढाउनु भएको छ ?

(क) सरकारी स्कुल (ख) निजी स्कुल (ग) सामुदायिक स्कुल

(i) तपाईको छोरीलाई कस्तो स्कुलमा पढाउनु भएको छ ?

..............................................................................................................................

(ii) तपाईको छोरालाई कस्तो स्कुलमा पढाउनु भएको छ ?

..............................................................................................................................

(३) तपाईको परिवारको सदस्य बैदेशिक रोजगारमा संलग्न भए पछि छोराछोरीको शैक्षिक अबस्थामा परिबर्तन भएको छ ?

(क) छ (ख) छैन (ग) पहिलेको जस्तै छ

(i) परिबर्तन भएको छ भने के परिबर्तन भएको छ ?

.................................................................................................................................

(ii)परिबर्तन भएको छैन भने किन भएको छैन ?

.................................................................................................................................

(४) तपाईको परिवारको सदस्य बैदेशिक रोजगारमा संलग्न भए पछि मान्दै आउनु भएको धर्ममा परिबर्तन गर्नु भएको छ ?

.................................................................................................................................

(५) तपाई समाजमा हुने सामाजिक कृयाकलापमा सहभागी हुनुहुन्छ ?

.................................................................................................................................

(६) बैदेशिक रोजगारले सामाजिक प्रभाव पारेको छ ?

.................................................................................................................................

(७) प्रभाव पारेको छ भने कुन कुन कुरामा पारेको छ ?

.................................................................................................................................

(८) प्रभाव पारेको छैन भने किन पारेको छैन ?

.................................................................................................................................

**सांस्कृतिक क्षेत्र**

(१) तपाईको मूख्य चाडपर्वहरू के के हुन ?

२) तपाईको परिवारको सदस्य बैदेशिक रोजगारमा संलग्न भएपछि मान्दै आउनुभएको चाडपर्वमा परिवर्तन गर्नुभएको छ ?

(३) तपाईले आफ्नो चाडपर्वलाई कसरी मनाउनु हुन्छ ?

(४) तपाईले आफ्नो जन्मदिन मनाँउनु हुन्छ ?

(क) मनाँउछु (ख) मनाँउदिन

(५) तपाईको परिवारको सदस्य बैदेशिक रोजगारमा संलग्नभएपछि विदेशी चाडपर्वलाई मनाँउन थाल्नुभएको छ ?

(क) थालेको छैन (ख) थालेको छु

(६) तपाईको मूख्य संकारहरू के के हुन ?

.................................................................................................................................

(७) तपाईको परिवारको सदस्य बैदेशिक रोजगारमा संलग्न भएपछि आफ्नो संस्कारहरू परिवर्तन गर्नुभएको छ ?

(क) परिवर्तन गरेको छ (ख) परिवर्तन गरेको छैन

## बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको लागि तयार पारिएको प्रश्नावली

### खण्डः ख

उत्तरदाताको नाम :- मिति :–

ठेगाना : गा.बि.स. ⁄ न.पा. :

उमेर : धर्म :

जात : लिङ्ग :

(१) बैदेशिक रोजगारमा जानुभन्दा अगाडीको तपाईको मुख्य पेशा के थियो ?

(क) कृषि (ख) व्यापार

(ग) नोकरी (घ) अध्ययन (ङ) बेरोजगार

(२) तपाईको यस पेशााले वार्षिक कति आम्दानी हुन्छ ?

(३) तपाईको आम्दानीले खर्च पुग्दथ्यो ?

(४) बैदेशिक रोजगार प्रति तपाई कसरी आकर्षित हुनु भयो ?

(क) गरिबीको कारणले (ख)साथीभाई गएको देखेर

(ग) परिवारको सल्लाहा अनुसार (घ)आम्दानी बढी गर्नको लागि

(५) बैदेशिक रोजगारमा जानुपर्ने मुख्य कारण के हो ?

(६) बैदेशिक रोजगारमा जानको लागि समय कति लाग्यो ?

(७) बैदेशिक रोजगारमा कस मार्फत जानुभयो ?

(८) बैदेशिक रोजगारमा जानको लागि लागत कति लाग्यो ?

(९) लागत कसरी जुटाउनु भयो ?

(क) ऋृण लिएर (ख) अचल सम्पत्ति धितो राखेर

(ग) जग्गा जमिन बेचेर (घ) बचत रकमबाट

(१०) पहिला कुन देश गएर आउनु भएको हो ?

(क) दुबई (ख) साउदी अरब (ग) कतार

(घ) मलेसिया (ङ) दक्षिण कोरिया (च) अमेरिका

(११) कुन कामको लागि जानुभएको हो ?

(क) सुरक्षा गार्ड (ख) ड्राईभर

(ग) मजदुरी (घ) अन्य

(१२) बैदेशिक रोजगारमा तपाईको वार्षिक आम्दानी कति हुन्थ्यो ?

..........................................................................................................................

(१३) बैदेशिक रोजगारमा गएपछि तपाईको परिवारमा परिवर्तन भएको छ ?

(क) परिवर्तन भएको छ (ख) परिवर्तन भएको छैन

(१४) बैदेशिक रोजगारमा कति समय बिताउनु भयो ?

..........................................................................................................................

(१५) बैदेशिक रोजगारबाट फर्किएको कति समय भयो ?

..........................................................................................................................

(१६) बैदेशिक रोजगारबाट फर्किनुको कारण के हो ?

(क) तलब सुविधा आकर्षण नभएर (ख) काम गाह्रो भएर

(ग) कार्य अवधि सकिएर (घ) पून: जाने विचारले छुट्टि लिएर

(१७) बैदेशिक रोजगारबाट कमाएको पैसाले के गर्नुभयो ?

(क) जग्गा किने (ख) घर बनाए

(ग) ऋण तिरे (घ) अन्य

(१८) बैदेशिक रोजगारबाट फर्किए पछि हाल के गर्दै हुनुहुन्छ ?

(क) कृषि (ख) व्यापार

(ग) नोकरी (घ) बेरोजगार

(१९) बैदेशिक रोजगारमा पून: जान चाहानुहुन्छ ?

(क) पून: जान चाहान्छु (ख) पून: जान चाहान्न

(ग) स्वदेशमा रोजगार पाए जान्न (घ) केही सोचेको छैन

(२०) स्वदेशको भन्दा बैदेशिक रोजगारको कमाई बढी भयो ?

(क) आम्दानी बढी भयो (ख) आम्दानी उस्तै भयो

(ग) आम्दानी झन घट्यो

(२१) बैदेशिक रोजगारकाले तपाईको आर्थिक स्थितिमा सुधार आएको छ ?

(क) सुधार आएको छ (ख) उस्तै छ

(ग) झन खराब भएको छ

(२३) तपाईले कति वर्ष सम्मको अध्ययन गर्नुभएको छ ?

..........................................................................................................................

(२४) बैदेशिक रोजगारमा जाँदा कुनै भाषा सिकेर जानुभएको हो ?

..........................................................................................................................

(२५) बैदेशिक रोजगारबाट कुनै सिप सिकेर आउनु भयो ?

..........................................................................................................................

(२६) बैदेशिक रोजगारबाट फर्किए पछि तपाईको सामाजिक स्थितिमा परिवर्तन भएको छ ?

(क) परिवर्तन भएको छ (ख) परिवर्तन भएको छैन

## समुह छलफलको लागि तयार पारिएको प्रश्नावली

### खण्ड ग

(१) बैदेशिक रोजगार प्रतिको आकर्षण किन बढेको होला ?

........................................................................................................................................................

(२) बैदेशिक रोजगारमा जाने प्रक्रिया कस्तो रहेको छ ?

........................................................................................................................................................

(३) बैदेशिक रोजगार प्रतिको तपाईको धारणा कास्तो रहेको छ ?

........................................................................................................................................................

(४) बैदेशिक रोजगारले समाजिक सम्बन्धमा कस्तो प्रभाव पारेको छ ?

........................................................................................................................................................